# परिच्छेद एक

# परिचय

## अध्ययनको पृष्ठभुमि

शिक्षा मानव जिवनको नभई नहुने तत्व हो , शिक्षा मानवको जीवनको गहना हो । शिक्षा विनाको पशु समान हुन्छ । शिक्षा जीवनभर चलिरहने प्रकिया हो , शिक्षा बृद्धि र विकासको प्रकिया हो शिक्षा चिन्तन कार्य जीवनको एक गतिशील प्रक्रिया , ज्ञान , सीप प्रवृति व्यवहार र विचारको संगठित रुप  शिक्षा हो । मानवीय जीवनमा प्राप्त भएका अनुभवहरुको संगालो हो ।

मानव सभ्याताको विकाससँगै शिक्षाको प्रारमभ भएको हो । शिक्षा विकासको इतिहासलाई हेर्दा मानिसहरुको घरवाट नै आरम्भ गरेको पाइन्छ । जहाँ आफुले जानेवुझेका कुरा एक पूस्तावाट अर्को पूस्तामा हस्तान्तरण गर्नू घरमा आमाले जानेका कुरा छोरीलाई र बुवाले जानेका कुरा छोरालाई सिकाउने प्रक्रियाको रुपमा संचालन हून्थ्यो । त्यस पछि यो कार्य मठ , गुम्बा , बिहार , आश्रम , चर्च आदी हुदै औपचारिक विधालय शिक्षामा प्रवेश गरेको पाइन्छ । अझ प्रष्ट रुपमा भन्नुपर्दा त्यतिवेलाको समयमा शिक्षा राजकुल , पितृकुल ऋषिकुल र गुरुकुल पद्धतिबाट विकास भएको पाइन्छ । विधालय शिक्षाको प्रारम्भ नहुँदाको समयसम्म गुरुकुल पद्धतिबाट नै विभिन्न कुटि , आश्रमबाट गुरुहरुले आफ्ना शिष्याहरुलाई शिक्षा दिने गर्दथे ( अधिकारी, २०६३) ।

यस परम्परागत रुपमा प्रदान गरिएको शिक्षाले मात्र बढदो समयको माग र समाजिक अवश्यकतालाई पुरा गर्न नसक्दा सामाजिक तवरवाट औपचारीक रुपमा शिक्षा लिने र दिने कार्य विद्यालयलाई हस्तान्तरण गरियो । सामाजमा भइरहेको तीव्र विकास र मानिवीय  आजश्यक्ता अनुरुप शिक्षा नयाँ  शोच र प्रविधिको विकास हुन थाल्यो । आजको यूग सुचना र प्रविधिको यूग भएकोले शिक्षा लिने पद्धति र प्रक्रियामा समेत नया नया खोज अध्यन र अनुसनधान भइरहेको छ ।

नेपालमा शिक्षा विकासको कम २००७ सालमा प्रजातन्त्रको उदय पश्चात तीव्ररुपमा भएको पाइन्छ । शिक्षा विकासको लागि विभिन्न आयोगहरुको गठन र तिनीहरुको प्रतिवेदनको शिक्षाविदहरु सिफारिशलाई कार्यनवयन गर्दै लैजाने सिलसिलामा देश र समयको माग अनुसार परिवर्तन हुदै आएको पाइन्छ । जसमा राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ –३२, राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ शिक्षाले समाजको अधुनिकिकरणमा सहयोग गरी देश निर्माणको निम्ति मानव संसाधनको विकार गर्नूका साथै समाजमा पछि परेका व्यक्तिहरुलाई राष्ट्रिय मूलधारमा समाहित गर्न सहयोग गर्दछ ।

शिक्षा भनेको अचेतनालाई चेतना वनाउने प्रक्रिया हो ( पण्डित २०५९० । शिक्षण एक कला हो यो अन्य कलाको तुलनामा बढी महत्वपुर्ण छ किन भने यसले नै अन्य कलाको जन्म दिन्छ । शिक्षण कलाको अभावमा पनि शिक्षकले कुनै पनि बालक वा ब्यक्तिलाई वास्तविक रुपमा शिक्षण गर्न सक्दैन । शिक्षण दूई स्वतन्त्र व्यक्तिहरु वीचको संवाद मात्र नभएर एक कला पनि हो यसलाई १९ अनै शातावदीको शुरुदेखी एक पेशाको रुपमा स्वीकारिदै आएको छ (पण्डित २०५९) । शिक्षण एक सुचना प्रवाह गर्ने माध्यम हो । शिक्षकको मायालु वातावरण स्वतनत्रता र क्षमताद्धारा विधार्थीहरुलाई नयाँ कुरा सिक्न मदत गर्ने हुदा बालबालिकाको मनोविज्ञान बुझि बालशुलभ र बालमैत्री बातावरण सृजना गरी सिक्ने तत्परता जागृत गराउनु र सिक्नका लागि सहजता प्रदान गर्नू शिक्षकको प्रमुख दायित्व हो ।

शिक्षक धैर्यवान , सधै सकारात्मक सोचविचार भएको चेतनशील स्वावलम्वी नयाँ नयाँ कुरा निरनतर सिक्न उत्सुक , सामाजिक स्वभावले ओतप्रोत भएको ब्यक्ति हो । दक्ष शिक्षकले नै देशका लागि आवश्यक जनशक्ति तयार गर्नूको साथै शिक्षाको उदेश्य पुरा गरी र अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने मानव संसाधन तयार गर्छ । शिक्षक गुणस्तरीय सिकाइका लागि सदा लगनशील इमान्दार हुनुपर्छ । नयाँ कुरा सिक्न खोज्ने शिक्षकल नै नयाँ कुरा सिकाउन सक्दछ ।

आजको समयमा विज्ञान र प्रविधि विकासले गर्दा शिक्षामा नयाँ तरिका ज्ञान सीप र प्रविधिको विकास गर्नु भयो । तसर्थ यी ज्ञान सीप र प्रविधिअनुसार शिक्षण पेशालाई स्तरीय , वैज्ञानीक , आकर्षक र गुणात्मक बनाउनका लागि समय सापेक्ष शिक्षकलाई उपयुक्त तालिमको पनि आवश्यक पर्छ । शिक्षकको उचित प्रयासले हरेक व्यक्तिको व्यक्तित्व निर्माणमा प्रेरेरणा प्रदान गर्दछ । बढदै गइरहेको सामाजिक कला र मानविय चाहना , इच्छा र आवश्यक्ता अनुरुप समजस्यतामा आएको शैक्षिक जागरणको फलस्वरुप सरकारी लगानीमा खुलेका विदालयहरुले मात्र शिक्षाको आवश्यक्ता पुरा गर्न सम्भव नभएपछि वि.स. १९९६ माघ ८ का शिक्षा इसतिहारले निजी क्षेत्रबाट समेत विद्यालय खोल्ने पाउने अनुमति दियो ।

हाल नेपालमा लगभग ७००० जति संस्थागत विद्यालयहरु रहेका छन । भविष्यका लागि असल नागरिक तथा दक्ष जनशक्ति तयार गर्ने काम शिक्षकको भएको हुदाँ यस्ता विद्यालयहरुमा तोकिएको योग्यता पुगेका कर्मचारीहरुको संलग्नता हुने गर्दछ । शिक्षण संस्थामा संलग्न व्यक्तिका कर्मचारीहरुको संलग्नता हुने गर्दछ । शिक्षण संस्थामा संलग्न ब्यक्तिको पेशागत सुरक्षा उन्नति र सन्तुस्टि ज्यादै महत्वपुर्ण ज्यादै महत्वपुर्ण कुरा हुन आउँछ । आफ्नो पेशागत प्रतिस्पर्धा र असल मानवीय आचरणका कारण प्रत्येक ज्ञानको स्रोतको रुपमा शिक्षकलाई चिनिन्छ ।

हाम्रो देशको तुलनामा अन्य विकासित देशहरु आज शिक्षाको कारण नै विकासको विन्दुमा अघि बढिरहेको हुदा यो पेशालाई निकै मर्यादित र समानित शिक्षकहरुलाई आदर गरेको पाइन्छ । जस्तै फिनलाणडमा शिक्षण पेशा उच्च सामान र प्रंशाको रुपमा रहेको छ । अभिभावकको शिक्षकहरु प्रति ठुलो विश्वास गर्ने

हुदाँ शिक्षकहरुलाई उनीहरुको आफ्नो बालबालिकाको निम्ति सर्बोतम जान्ने ब्यक्तिको रुपमा लिएका हुन्छन । शिक्षण पेशा र मार्यादित पेशा भएको हुदा यस पेशालाई सर्वस्व ठानेर आफ्नो सम्पुर्ण जिवन सूम्पनने ब्यक्तिहरुको पनि कमि छैन । शिक्षक एउटा मैनवति हो जो आफु बलेर अरुलाई उज्यालो दिने हुदा शिक्षण संस्थाले पनि उनिहरुको त्याग योगयता लगनशिलता , अनुशासनलाई ध्यानमा राखी शिक्षकलाई संस्थाहरुले उनीहरुको मेहनत अनुरुपको परिश्रमिक तलब भत्ता सुविधा र ज्याला दिनुपर्छ । यसो गर्दा शिक्षकहरु आफ्नो पेशाप्रति समर्पित , अनुशासित र सन्तुस्ट हुनछन । शिक्षकहरुलाई वेला वेलामा तालिम पदोन्नति प्रोतसाहन गर्न पुरुषकार आफ्नो पेशाप्रति वफादार नभए दण्ड ,आनन्दमय वातावरण र भेदभावरहित व्यवहार गर्नुपर्छ । यो कार्य विद्यालय र समुदाय दुवै तर्फवाट हुनुपर्छ ।

कार्यसम्पादन भनेको आफ्नो पेशा र कामप्रति संवेगात्मक शारीरिक र भावनात्मक रुपले सुखद र सकारात्मक वनाउने माध्यम कार्यसन्तुस्टिले पेशाप्रति सकारात्मक उत्पन्न गराई शैक्षिक गुणस्तर बृद्धि गर्न मद्दत गर्दछ । प्रस्तुतिकरणको मुल्याङ्कनमा भरपदर्छ । कार्य सम्पादन मुल्याङ्कन भनेको आफ्नो कर्मको मुल्याङ्कन वा कार्य अनुभव परिणामस्वरुप प्राप्त हुने सुखद वा सकारात्मक संवेगात्मक अधार हो ।

शिक्षकको कार्य सम्पादनको सन्तुष्टिले उसको पेशाप्रति सकारात्मक भावनाको विकास गराई एउटा संख्या मात्र नभई सम्पुर्ण बालबालिकाको भविष्यमा पनि सकारात्मक परिवर्तन सफलता प्राप्त हुन्छ तर शिक्षकको कार्य सम्पादनको मूल्याङ्कन उचित तरीकाले नहुदा सकारात्मक गुणस्तरीय शिक्षा दिन नसकि सम्पुर्ण बालबालिकाको भविष्य अन्धकारमा धकेलिन्छ । तसर्थ कुनै पनि निजी संस्थाहरुले आफ्नो संस्थामा कार्यरत कर्मचारीहरुलाई उनीहरुको योग्यता , परिश्रम , मेहनत अनुशासन समपुर्ण अनुरुपको तलव र सुविधाहरु उपलब्ध गराउन सक्नुपर्छ ,भने सामुदायिक दृष्टिकोणवाट पनि यस पेशालाई समानित र प्रशासित तवरवाट हेरिनुपर्छ ।

संस्थागत बिद्यालयमा कार्यरत कर्मचारिहरुका शैक्षिक योग्यता समान नहनु , परिश्रम अनुरुपको परिश्रमिक नपाउनु ,सुबिधाहरु उचित शिक्षक तालिमको अभाव समय अनुरुपको शिक्षण विधि र सामग्रीको अभाव जस्ता विविधाता रहेने गरेको पाइन्छ । निजी विद्यालयमा कार्यरत शिक्षकहरुको आफ्नो छनौटको आधार , शैक्षिक योग्यता बढुवा प्रक्रिया सरकारी निति पेशागत सुरक्षा पेशागत सुविधा सेवा अवधि , विदा शैक्षिक वातावरण शैक्षिक उपलब्धिका आधारमा उनीहरु कार्यप्रतिको सन्तुष्टि कस्तो रहेको छ । उनीहरुको सकारात्मक वा नकारात्मक विचार कार्यप्रति सन्तुष्टि कस्तो रहेको छ भन्ने कुरा पता लगाउन यो अध्यन गरिएको छ ।

## १.२ समस्याको कथन

शिक्षा जिवनभर चलिरहने गतिशिल प्रकृया हो । जुनसुकै व्यक्ति पनि समाज र राष्ट्रका लागि शिक्षाको अवश्यता पर्दछ । मानव सभ्यता र विकासकमलाई केलाएर हेर्दा आजको सभ्य समाजको विकास हुनुमा

प्रमुख हात शिक्षाको मानिन्छ । हाम्रो देश नेपाल जहाँका धेरै बालबालिका आज पनि शिक्षाको उज्यालो घामबाट बञ्चित छन् । साक्षरताको अबस्था अन्य छिमेकी राष्ट्रहरुको तुल्नामा कमि रहेको देखिन्छ । यहि निरक्षरताको दरलाई कमी गरेर साक्षरताको दर बृद्धि गर्नका लागि नेपालमा रहेका विभिन्न सामुदायिक र संस्थागत विद्यालयहरुको स्थापना भएको छ, जस्को मुख्य उद्देश्य भनेको हेर्दा सरकारी र निजी विद्यालय वरावर जस्तै छन् । उक्त विद्यालयहरुमा कार्यगत शिक्षकहरुको संख्या पनि अधिक मात्रामा रहेको छ । संस्थागत विद्यालयमा कार्यरत एउटै शैक्षिक संख्यामा शिक्षक शिक्षिकाहरु लामो समय समम काम गरिरहेको पाइदैन । एउटै शैक्षिक शत्र पुरा गर्न कम्तिमा २–३ वटा शिक्षकहरु फेरवदल हुने गरेका छन् । जसको मारमा विद्यार्थीहरु पर्ने गरेको पाइन्छ । यस परिस्थितिको सामना बालबालिकाहरुले गर्नुपर्ने हुदाँ उनीहरुको भविष्य खतरामा पर्न सक्छ । सम समायीक रुपमा हेर्ने हो भने आनको परिस्थितिमा यो एउटा समस्याको विषय हो ।

शिक्षण पेशाप्रति संलगन शिक्षकहरु आफ्नो पेशाप्रतिको धारणा जान्न र विद्यालयको अन्तरिक र बाह्रय वातावरणलाई विशलेषण गर्नु आवश्यक देखिन्छ । शिक्षण पेशा प्रति शिक्षकहरु सकारात्मक छ वा छैन ? परिवारिक , समाजिक , लैङ्गीक चुनैतिहरुको शिक्षण पेशा प्रतिको समानिक हेराई सकारात्मक छ वा छैन ? शिक्षकहरुले शिक्षण पेशा अंगाल्दा आइपरेको समस्याहरुको लागि को द्वारा प्रदान गरिने सुझावहरुले शिक्षकहरुको शिक्षण पेशा प्रति सन्तोषजनक परिवर्तन आउँछ वा आउदैन ? शिक्षक पेशालाई पर्यादित वनाउने काममा के कस्ता प्रयासहरु भएका छन ? वा छैनन ? सकार , विद्यालय र समाजवाट शिक्षकहरु सनतुष्ट हुनका लागि के कस्ता प्रयास गर्नुपर्ला ? यस्ता कुराहरु खोजी गर्नु महत्वपुर्ण भएकोले यिनिहरुलाई अध्यनको मुख्य समस्या ठानी गा.वि.स. रामनगर मिरचैंया भित्र रहेका ५ वटा संस्थागत विद्यालयहरुमा अध्यापनरत शिक्षकहरुमा अध्यन गर्न इचछुक भएकोले यसलाई समास्याको रुपमा अध्यन गरियो ।

## १.३ अध्यनको औचित्य

विश्वमा द्रुत गतिमा भइरहेको ज्ञान विस्फोटनका साथै अन्तराष्ट्रिय स्तरमा प्रतिपर्धा गर्न विगतमा हासिल गरेका थियो । पाठकम , शैक्षिक नीतिले मात्र नपुग्ने हुदाँ वर्तमान परिवर्तन , सामाजिक माग ब्यक्तिगत इच्छा अनुरुपको गुणात्मक शिक्षा प्रदान गर्ने, जिम्मेवारी औँपचारिक रुपमा सामुदायिक र निजी विद्यालयहरुले लिएका छन् । यस्ता जिम्मेवारीलाई सफल र प्रभावकारी रुपमा समापन गर्नु र विद्यालयलाई सकिय वनाई राख्ने महत्वपुर्ण ब्यक्ति वा साधन भनेको यस क्षेत्रमा कार्यरत शिक्षक नै हुन ।

यो अध्यन पुर्णता निजी विद्यालयमा अध्यपनरत शिक्षकहरुको शिक्षण कार्यप्रतिको सन्तुष्टको साथै कार्यरत शिक्षकहरुको कार्यसम्पादनको अवस्था , शिक्षकहरुको कार्यसम्पादन प्रतिको दृष्टिकोण , शिक्षकहरुको

कार्यसमपादनमा प्रभाव पार्ने तत्वहरु शिक्षकहरुको कार्यरत मुल्याङ्कन प्रभावकारी उपायहरुका अभिबृद्धि गर्ने र समस्या समाधानका उपाय सुल्भाउने उदेश्को लागि गरियो ।

विद्यालयका आ–आफ्ना संस्थाको एउटै निति भित्र रहेको निजी विद्यालयमा काम गर्ने शिक्षकबीच पेशागत कार्यमा ठुलो असामन्ता देखिन्छ । समर्ग हेर्दा सामुदायिक विद्यालयका शिक्षकलाई कार्यका लागि कुनै दबाब नहुने परिश्रमिक नियुक्तिको एउटा निस्चित आधार हुने गर्दछ, भने निजी विद्यालयमा कार्यरत शिक्षकहरुमा आफ्नो पेशाप्रति असन्तुस्टि रहेको पाइन्छ । आफ्नो पेशागत हक हित र सुरक्षाका लागि पटक पटक बिभिन्न माग राखि आन्दोलन समेत गर्नु परेको छ । शिक्षण पेशा मानसिक र बोद्धिक कर्मको उपज हो । तर निजी विद्यालयहरु यसको विपरित मानसिक तनाव र दनीय रहेर आफ्नो पेशालाई अगाडि बढाइरहेको पाइन्छ ।

कुनै पनि ब्यक्ति कुनै पनि क्षेत्रमा यो तहसम्म पुगेपछि सन्तुष्ट हुन्छ होला भनि अडकल गर्न गाह्रो छ तै पनि कुनै पनि ब्यक्ति आफ्नो पेशामा शारिरीक , मानसिक संवेगनात्मक र बौद्धिक रुपमा सफल हुनुको साथै उसले गरेको कार्यको सहि मूल्याङ्कन भएमा कार्यप्रतिको सन्तुष्टि मान्नुपर्छ । हरेक ब्यक्तिको आफ्नो संस्थाको कार्य बाँडफाड प्रतिक्रिया आफुले पाउनु पर्ने परिश्रमिक, आफुले गरेको मेहेनत , सेवा सुविधा , ब्यवस्थापनप्रतिको विश्वास , कामप्रतिको रुचि , पेशाप्रतिको सुरक्षाप्रतिको सुरक्षप्रतिको उसको चित्र बुझेको छ वा छैन यसबाट उसको कामप्रतिको सन्तुष्टि मान्नु पर्छ ।

यो अध्यनले शिक्षकहरुको स्थानलाई परिवार , समाज विधलयमा उच्च स्थान राख्न , शिक्षण पेशामा हुने विभेद , हटाउन सामानताका कार्यक्रमहरु निमार्ण र संचालन गर्ने क्रममा निति निर्माण र शैक्षिक योजनाहरुलाई सघाउ पुग्ने छ ।

## १.४ अध्यनको उद्देश्यहरु

क संस्थागत विद्यालयका शिक्षकहरुको कार्यसम्पादनको अवस्था पहिचान गर्ने,

ख संस्थागत विद्यालयको शिक्षकको कार्यसम्पादनको मूल्याङ्कनमा प्रभाव पार्ने तत्वहरुको खोजी गर्ने ,

ग संस्थागत विद्यालयका शिक्षकको कार्यगत मूलयाङ्कनलाई प्रभावकारी बनाउने उपायको खोजी गर्ने ।

## १.५ अनुसन्धातमक प्रश्नहरु

क संस्थागत विद्यालयका शिक्षकहरुले आफ्नो कार्यसम्पादनलाई कसरी लिएका छन ?

ख	संस्थागत विद्यालयका शिक्षहरुको कार्यसम्पादनमा कुन कुन तत्वहरुले प्रभाव पार्दछन ?

ग	संस्थागत विद्यालयका शिक्षकहरुको कार्यसम्पादनको मूल्याङ्कन बढुवा र पुरस्कारको प्रावधान के रहेको छ ?

घ	संस्थागत विद्यालयका कार्यगत मुल्याङ्कनलाई प्रभावकारी बनाउने उपायहरु के के छन ?

## १.६ अध्यनको परिसिमा

कुनै पनि विषयमा अध्यन अनुसधान गर्दा एक निश्चित परिधि भित्र रहेर गर्नुपर्ने हुन्छ । यस अध्यनमा पनि अध्यनको उद्देश्य र क्षेत्र व्यापक र विस्तृत भए तापनि समय स्रोत , साधन र आर्थिक पक्षलाई मध्यनजर गर्दै परिसिमा निधार्रण गरिएको छ ।

यो अध्यन सिरहा जिल्लाको गा.वि.स. रामनगर मिरचैंया स्थित रहेको विद्यालयहरु विद्यालयहरु मध्ये पाँचवटा संस्थागत विद्यालयमा कार्यरत शिक्षकहरुको कार्यसम्पादन मुल्याङ्कन भन्ने शिर्षकमा सिमित रहयो ।

# परिच्छेद दूई

# पूर्व साहित्यको समिक्षा

सम्बन्धित साहित्यको पुनरवलोकन तथा सैधान्तिक खाका सम्विधित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका कुनै पनि समुदाय राष्ट्रको विकासको प्रमुख स्थान विद्यालय हो । विद्यालयको विकास र विस्तार गर्न विद्यालय सुचारु रुपले संचालन गर्न र विद्यालयको अपेक्षित उपलब्धि हासिल गर्नको लागि सम्पुर्ण पक्षको उचित ब्यवस्थापन र कार्यवन्यन हुनु अति नै जरुरी हुन्छ । विद्यालयले अपेक्षित उपलब्धि हासिल गर्न सहयोग पुरयाउने महत्वपुर्ण पक्ष अर्न्तगत शिक्षकहरु पनि एक हुन, जसले आफ्नो पेशागत ज्ञानको स्रोतको रुपमा शिक्षकलाई मानिन्छ । यस्ता ब्यक्तिहरुमा विद्यालयको तर्फवाट मानसिक तनाव सृजना हुन गएमा पेशागत सन्तुष्टि शैक्षिक उपलब्धिमा आच आउन सक्छ ।

विद्यालयमा कार्यरत शिक्षकहरुमा पेशागत सन्तुस्टि पेशागत विकास , पेशागत सुबिधा , पेशाप्रति सकारातमकता सुरक्षा भएमा मात्र शिक्षकहरु आफ्नो कार्यप्रति कामप्रति जोसजागर , मानसिक तन्दुरुस्ती आउन सक्छ वा छैन भने यस पेशाप्रति असन्तुष्ट नकारात्मकताको विकास भई सम्पुर्ण शैक्षिक प्रणाली लगायत बालबालिकाको भविष्यमा पनि असर पर्न जान्छ । शिक्षकहरुलाई उनीहरुको उत्प्रेरणा गर्ने प्रोत्साहित गर्ने कार्य सधै गरिरहनु पर्दछ । कुनै पनि अध्यन अनुसनधान , अध्यन सर्वेक्षण कार्यहरु गर्नु पर्दा त्यस वारेमा पुनरावलोकन गर्नु हुन्छ । जति बढि अनुसन्धानसँग मिल्दाजुल्दा सामग्रीहरुको अध्ययन गरिन्छ । त्यति नै बढी अनुसंधान स्तरीय र सबल हुन्छ । त्यस कारण यस अध्ययनसँग सम्बन्धित विभिन्न साहित्यहरुको अध्ययन गरियो ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

अनुसंधान कार्यमा सम्बन्धित साहित्यको पुनरावलोकनले अध्यनकर्ताको ज्ञानको क्षेत्रलाई फराकिलो वनाई अध्ययनको विस्तृत सरचना निमार्ण गर्न सहयोग गर्दछ । ( खनाल २०६१ ) यस अध्यनमा पनि ज्ञानको दायरा फराकिलो बनाई विषयवस्तुलाई ब्यवस्थित गर्न संस्थागत विद्यालयको शिक्षकको कार्यसम्पादन मूल्याङ्कन समय सामयिक लेख रचना , अभिलेख आदीलाई समबन्धित साहित्यको पूरावअलोकन गरियो ।

राउत ( २०६१ ) ले सामुदायिक विद्यालयका शिक्षकहरु कतिपयको राजनैतिक नियुक्ति भएको र त्यसतै शिक्षकहरुले विद्यालयको प्रगतिको लागि कुनै चासो नदेखाउने उनीहरु आफ्ना जागिर पकाउने र कसैको डर त्रारास मान्ने कुरा उल्लेख गरिएका छन् । सामुदायिक विद्यालयका शिक्षकहरुलाई आफ्नो तह अनुसार परिश्रमिकको लागि संस्थागत विद्यालय जस्तो कसै मुख ताकनुपर्ने उनीहरुको तलव भत्ता सरकारी तबरबाट निर्धारण हुने भएकाले यस्ता विद्यालयको शिक्षकहरुलाई आफ्ना जागिरको लागि कुनै मानिसिक

तनाव नभएको समेत उल्लेख छ तर एउटै संस्थागत विद्यालयका शिक्षकहरुलाई भने समान स्तरका सामुदायिक विद्यालयका शिक्षकहरु भन्दा बढि कार्यबोध भएको र सामुदायिक विद्यालयको तुलनामा परिश्रमिक कमी भएको कुरा प्रस्तुत गरिएको छ । संस्थागत विद्यालयका शिक्षकहरुले अत्तिरिक्त कक्षाको अध्ययन गर्नु पर्ने तर पारिश्रमिक र जागिरको स्थायित्वको लागि सधै त्रसित हुनु पर्ने र दवावमा विद्यालयको नतिजा राम्रो ल्याउनु पर्ने अवस्था पाएको कुरा उल्लेख छ ।

प्रस्तुत प्रतिवेदन अनुरुप शिक्षक छनौट गर्दा शिक्षकहरुको स्वच्छ प्रतिशपर्धा गरी उनीहरुको शैक्षिक योग्यता अनुरुप जागरिको निश्चितता गर्नूको साथै परिश्रम अनुसारको परिश्रमिक उपलब्ध गराउन सकेमा कुनैपनि किसिमको मानिसिक तनाव सिक्षकहरुमा नपर्ने कुरा पाइयो । **वाग्ले तथा कार्की** ( २०५७) द्वारा उद्धृत Ottaway (२०५७) का अनुसार "शिक्षाको अवसर एउटा मुर्खलाई पनि प्रदान गर्नुपर्छ ऊ सँग २ वर्षको केटाकेटी जति मानसिक क्षमता भएपनि उसले आफ्नो त्यस्तो क्षमता बृद्धि गर्ने अवसर प्रदान गर्ने गर्दछ । त्यस्तै गरी एउटा प्रतिभाशालीलाई उसको सहजता प्रदर्शन गर्ने अवसर प्रदान गर्नुपर्छ यस्तो अवसरबाट समाजका कुनैपनि व्यक्ति शिक्षाको पहुँचबाट बञ्चित हुनु हुँदैन, जो सुकैले शिक्षाको अवसर प्राप्त गरी क्षमता अनुकूल आफ्नो बौद्धिक सक्रियतालाई उच्चत्तम रुपमा विस्तारित गर्न सक्दछ । हरेक व्यक्रिसँग सम्भावित क्ष्मता हुन्छ । तयसलाई शिक्षको माध्यमले निश्चित समयमा बढाउने मौका प्रदान गर्नुपर्छ ।" Ottaway को यस ठम्याइमा शिक्षाको अवसर भनेको प्राथमिक शिक्षालाई सस्तो पारी बढी से बढी व्यक्तिको सुगम पहुँचमा पार्न होइन । यस्ता उपागमबाट जो टाढाबाठा छन् उसले अवसरलाई सदुपयोग गर्दछन् । मौका अनुसार फाइदा गर्न सक्दछन् तिनले शिक्षको अवसर प्राप्त गर्दछन् । ती समुदाय जो मौंकाबाट टाढिएका हुन्छन्, जो अचेतन अवस्थामा आधारित छ्यामछुम गर्दै हुन्छन् । तिनले मौकाको फाइदा लिन सक्दैनन् । शिक्षाको अवसरले व्यक्ति वा जनसमुदायलाई पछ्याउनु पर्छ । Ottaway को अपेक्षित वर्गलाई शैक्षिक अवसर जसरी पनि दिने चिन्तनलाई यस अध्ययनमा समायोजन गर्न खोजिएको छ । किनकि धेरैजसो बालबालिकाहरु सहज र रमाइलो वातावरणमा शिक्षाको उज्याले प्राप्त गर्न सकिरहेका छैनन् । तिनलाई स्वरुचिपूर्ण भयरहित, बालकेन्द्रित शिक्षा प्रदान गर्न जोड दिएको छ ।

ंगोलनारायणमान “समुदायद्वारा व्यवस्थापन भएका विद्यालयहरुको विगत र वर्तमान अवस्थाको तुल्नात्मक अध्ययन”

उपर्युक्त शीर्षकमा नारायणमान डंगेलको शोधकार्य २०६१ म उप.प्रा.हेमराज ढकालको निर्देशनमा तयार पारेको थिए । शोधपत्र७३ पेज रहेको र अनुसूची - ९ र परिशिष्ट ५ रहेको छ । यो शोधपत्र शैक्षिक तथा व्यवस्थापन विषयको स्नाकोत्तर दोस्रो वर्ष आंशिक अध्ययन पूरा गर्नको लागि लेखिएको हो । ६ ओटा अध्यायमा विभाजन गरी परिचय, सन्दर्भ साहित्यको अध्ययन तथा सैद्धान्तिक खाका ,शोधविधि, तथ्याङ्कको प्रस्तुतिकरण र विश्लेषण , प्राप्ती र निष्कर्ष र प्रयोजन रहेको पाईन्छ ।

यो अध्ययन सर्भे फारामको प्रयोग गरी लेखसामग्रीहरुको अध्ययन गरेर शोधमा प्रवेश गरिएको छ । साथै तथ्याङ्क संकलन गर्ने क्रममा र विश्लेषण गर्ने सिलसिलामा अन्तर्वार्ता, रुजुसूची, कक्षा अवलोकन फारम र प्रश्नावलीको प्रयोग गरेर समस्याको निराकरण गर्नको लागि विभिन्न उपायहरु प्रस्तुत गरेका छन् ।

यो शोधकार्यले समुदायद्वारा व्यवस्थापन भएका विद्यालयहरुमा विद्यालय व्यवस्थापन समितिले निर्वाह गरेको भूमिका, विद्यालय र समुदायबीचको सम्बन्ध सुधारमा के कति परिवर्तन भयो भन्ने सन्दर्भमा जानकारीहरु प्राप्त भएको छ । समुदायद्वारा व्यवस्थापन गर्ने वर्तमान सरकारको नीति वर्तमान परिवेशमा के कति सान्दर्भिक भएको छ वा छैन भन्ने सम्बन्धमा अध्ययन गरिएको विद्यालयहरुको अवस्थाबाट जानकारीहरु प्राप्त भएको छ । यस अध्ययनका क्रममा व्यवस्थापन सम्बन्धि सिद्धान्तहरु र लेखहरुको यस अध्ययनमा के सम्बन्ध रहेको छ भन्ने सन्दर्भमा चर्चा गरिएको छ । विद्यालयको व्यवस्थापनका लागि समुदायको भूमिका महत्वपूर्ण हुन्छ भन्ने निष्कर्ष यस अध्ययनको रहेको छ ।

**शिक्षा ऐन २०२८ आठौं संशोधन २०६३ र शिक्षा नियमावली २०५९ तेश्रो संशोधन** (२०६२)

शिक्षा ऐन २०२८ (आठौ संशोधन अध्यादेश २०६३) को दफा नं. ११ मा विद्यालय व्यवस्थापन जिम्मा दिन सकिने कुरा उल्लेख गरिएको छ । जसमा तोकिएको सर्त पूरा गरी स्थानीय निकाय वा वि.व्य.स. ले तोकिएको अधिकारीले निवेदकलाई विदालयको व्यवस्थापन जिम्मा दिन सक्ने कुरा उल्लेख गरिएको छ ।

## समुदायद्वारा संचालित सामुदायिक विद्यालय

यसरी दुई प्रकारका सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रिया, एकै प्रकारको भए पनि यी दुई प्रकारका विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार ऐनमा समान छन् भने शिक्षा नियमावलीमा समुदायद्वारा संचालित विद्यालयको काम, कर्तव्य र अधिकार छुट्टै उल्लेख गरिएको छ । शिक्षा ऐन २०२८ को दफा १२ को उपदफा ६ मा सामुदायिक विद्यालयको वि.व्य.स. को काम, कर्तव्य र अधिकार देहाय बमोजिम उल्लेख गरिएको छ ।

विद्यालयको संचालनको लागि प्राप्त साधन र श्रोतको परिचालन गर्ने , विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने , विद्यालयको शैक्षिक भौतिक तथा आर्थिक तथ्यांक विवरण अध्यावधिक गराइ राख्ने , विद्यालयको वार्षिक बजेट स्वीकृति गर्ने र त्यसको जानकारी गा.वि.स. र जि.शि.का. लाई दिने , विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने, राजनैतिक, धार्मिक, साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने , शिक्षाकार्यालयबाट खटिएको शिक्षकलाई हाजिर गराई काममा लगाउने , जि.शि.का. ले तोकेको लेखा परिक्षणबाट विद्यालयको वार्षिक लेखापरिक्षण गराउने , लेखा परीक्षणको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारवाही र त्यसको प्रतिवेदन जि.शि.का. मा पेश गर्ने , जि.शि.स. र जि.शि.का. ले दिएको आदेश तथा निर्देशनको पालना गर्ने , आफैले नियुक्त वा बढुवा गरेको शिक्षकको लागि तोकिए बमोजिमको पारिश्रमिक तथा सुविधाको व्यवस्थापन गर्नु , शिक्षाको गुणस्तर कायम गर्नॆ सम्बन्धमा PTAगठन ग।

गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप (२०६७) मा उल्लेख भए अनुसार “बालबालिकाले आफ्नो गति र क्षमता अनुसार रमाइलोसँग सिक्ने वातावरण भएको विद्यालय बालमैत्री विद्यालय हो । यस्ता विद्यालयमा बालबालिका अनुकूलको सिकाइ वातावरण तयार गरिन्छ, बालबालिकाहरुको अन्तरनिहित क्षमताको विकास गरिन्छ । यस्ता विद्यालयहरुमा बालबालिकाहरुले शारीरिक, मानसिक एवम् सम्वेगात्मक रुपले सुरक्षित तथा स्वस्थ वातावरण पाउँदछन् । बालबालिकाहरुको रुचि, क्षमता र स्तरको कदर हुन्छ र सोही अनुसार उनीहरुको सिकाइका लागि आवश्यक वातावरण एवम् पाठ्यक्रमको व्यवस्था हुन्छ ।

कुनैपनि प्रकारका भौतिक, शारीरिक एवम् मानसिक दण्ड, सजाय वर्जित हुन्छ र बालबालिकाहरुलाई दुरव्यवहार र नोक्सानीबाट बचाउने काम निरन्तर रुपमा भइरहेको हुन्छ । बालमैत्री विद्यालयका प्राथमिक विद्यालय उमेरका बालबालिकाहरुको प्रमुख शैक्षिक समस्यालाई २ परिच्छेदमा वर्गीकरण गरी समेट्ने प्रयास गरिएको छ :

बालमैत्री शिक्षण कार्यक्रम लागु भएका प्राथमिक विद्यालयहरुमा बालकेन्द्रित क्रियाकलाप तुलनात्मक रुपमा कम पाइएको छ । उक्त समस्यालाई हटाउन प्र.अ.को सक्रिय भूमिका हुनुपर्ने, बालकेन्द्रित शिक्षण विधि अपनाउन तत्पर हुनुपर्ने, बालबालिकाको सिकाइ उपलब्धिको मूल्याङ्कन गर्नुपर्ने, स्वस्थ, सुरक्षित र भेदभावरहित व्यवहारमा विशेष ध्यान दिनर्पे जस्ता सुझावहरु उल्लेख गरिएको छ । यो अध्ययन पनि यसैसँग सम्बन्धित एक महत्वपूर्ण अध्ययन बन्न सकेको छ ।

लौडारी तथा अधिकारीद्वारा लिखित बालमैत्री विद्यालय बालकेन्द्रित क्रियाकलापको सँगालो भाग - १ (२०६७) का अनुसार “शिक्षकको भूमिका सहजकर्ता (Faciliatator), विधार्थीसँगसँगै सिक्ने (Co-learner) विद्यार्थीले उत्पादन गरेको ज्ञानलाई स्थापित गर्ने-गराउने (Agent for knowledge induction) र विद्यार्थीको सिकाइलाई उत्प्रेरित गर्ने (Promoter) बनाएको छ । यस्तै शिक्षकले पाठ्यपुस्तक पढाउने हैन पाठ्यक्रमले निश्चित गरेको सिकाइलाई उपलब्धि हासिल गर्नका लागि सिकाइ क्रियाकलाप सञ्चालन गर्ने हो । “बालकेन्द्रित सिकाइ प्रक्रियाका क्रियाकलापहरुलाई सिकारु माझ अभ्यास गराएर उच्च प्रतिफल ल्याउन सकिनछ । यसरी सिकाइ वातारण पाएपछि प्रत्येक बालबालिकाले विद्यालयलाई मामाघर जस्तो र पढाउने शिक्षकलाई मामा-माइजु जस्तो पाउने छन् । मेरोसर, मेरो मिस भनेर बोलाउनेछन् । तपाइका सार्थक सिकाईलाई जीवन पर्यन्त सम्झना राख्नेछन्।”

शर्मा ( ०२६३ ) ले निजी र सरकारी दुबै विद्यालयका प्रशासक शिक्षकहरु , विद्याथीहरुलाई विद्यालयको मानिसिक स्वस्थ्य वातावरणको बारेमा ज्ञान नभएको भएता पनि विद्यालयहरुमा यस सम्बन्धित केही अभ्यासहरु प्रयोग भएको कुरा उल्लेख गरेका छन् । विद्यालय परिवारको बीच अन्तर वैयक्तिक सम्बन्ध

भएको र विद्यालयको स्वास्थ्य वातावरण तयार गर्नका लागि सबैका प्रत्यत्न भएको र निजि विद्यालयका शिक्षकहरुलाई बढि कार्यवोध दिइएको , निर्णय गर्ने कार्यमा सहभागी नवनाएको र कुनै तालिमको स्रोत व्यवस्था नगरिएकोमा संस्थागत विद्यालयका शिक्षकहरु पेशाप्रति सन्तुस्ट नभएको उल्लेख छ । शोधपत्रमा पनि गैरसरकारी विद्यालयका शिक्षकहरुलाई पनि सरकारी विद्यालयको शिक्षक सरहको सेवा दिनुपर्ने कुरा उल्लेख छ ।

विद्यालयका कार्यरत शिक्षकहरुलाई विद्यालयका हरेक क्रियाकलापमा र निर्णायक कार्यमा सहभागिता गराएमा उनीहरुको मनोबल बढछ । शिक्षकहरु दक्ष बनाउन र शिक्षण बढि प्रभावकारी बनाउन विविध किसिमका सेमिनार र तालिममा शिक्षकको सहभागितामा जोड दिनुपर्छ । सामुदायिक विद्यालय सरह विविध सेवा र सुविधाहरु उपलब्ध गराउन सकेमा शिक्षण कार्यप्रति सन्तुष्टि को तह बृद्धि हुन जान्छ ।

पौडयाल (२०६०) ले उल्लेख गरेअनुसार संस्थागत विद्यालयका शिक्षक र कर्मचारीलाई आवश्यक सुविधा उपलब्ध गराउनु पर्ने सम्बन्धमा विद्यालय व्यवस्थापन समितिका सदस्यहरु सकारत्मक नभएको उल्लेख छ । त्यसैगरी संस्थागत विद्यालयमा नेपाल सरकारले तोकेको तलव भत्ता स्केलमा नघताई तलव दिने सम्बन्धमा अधिकांश शिक्षक कर्मचारीले स्केल बमोजिमको तलब भत्ता नपाएका , संस्थागत विद्यालयको व्यवस्थापन समितिको शिक्षक तथा कर्मचारी माथि कुनै पनि उत्तरदायी नभएको उल्लेख छ ।

यस्तो निजी लगानीमा समाजिक सेवा प्रदान गर्ने उदेश्यले संचालन गरिएको संस्थागत विद्यालयहरुले शिक्षक तथा कर्मचारीहरुको हक हितका पूर्ण जवाफ देही भै कार्य गराउनु पर्ने देखिन्छ । विद्यालयमा कार्यरत शिक्षकहरुको आयोजना गर्नुका साथै न्युन्तम ( परिश्रमिक र नियमावलीमा तोकिदिए ) अनुरुप हुनुपर्ने देखिन्छ । कसैलाई काखा र कसैलाई पाखा गर्ने किसिमको निति रहेसम्म संस्थागत विद्यालयमा कार्यरत शिक्षकले मानसिक सन्तुष्ट प्राप्त गर्न सक्ने वातावरण देखिदैन ।

छात्रवृति कार्यदलको प्रतिवेदन (२०६०) का अनुसार संस्थागत विद्यालयको शूल्क तथा छात्रवृति निधारण सम्बन्धि कायदलद्वारा प्रस्तुत प्रतिवेदन अर्न्तगत संस्थागत विद्यालय सम्बन्धि उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ को प्रतिवेदन प्रस्तुत सुझावले संस्थाले संस्थागत विद्यालयको उदेश्य मुनाफा कमाउनु नभई सामाजिक सेवाको भावना उत्प्रेरित गर्ने हुनुपर्छ र संस्थागत क्षेत्रको सहभागिता वृद्धि गरी विद्यालयको महत्वपुर्ण निर्णयमा अभिभावकहरुलाई संलग्त गराउनुपर्ने व्यवस्था हुनुपर्ने र निजी विद्यालयमा कार्यरत शिक्षकहरुको तलव सेवा , सर्त संचयकोष ,उत्पादन निवृतीभरण आदिको व्यवस्था कम्तिमा सरकारले तोकेको नयुन्तम सुविधा अनुरुप हुनुपर्दछ भनी सुझाव पेश गरेको छ ।

संस्थागत र सामुदायिक विद्यालयहरुले प्रवाह गर्ने सेवा र सुविधा तथा कार्यन्वयन प्रक्रियामा समेत विषमता देखिन्छ । संस्थागत विद्यालय नाफारहित शैक्षिक सेवा प्रदायक संस्था भएकोले संस्थामा कार्यरत

शिक्षक कर्मचारीहरुलाई प्रचालित नियम कानुनले तोकेको पारिश्रमिक र सुविधा उपलब्ध गराउनु पर्ने हुन्छ ।

तुलाधर अन्य (२००) का अनुसार काठमाण्डौ उपत्यकामा सार्वनजिक र निजी विद्यालयहरुको एक स्थितिजन्य विश्लेषण सम्बधित प्रतिवेदन मा सार्वजानिक विद्यालयहरुमा आएको स्रोत सरकारी अनुदान हुने गरेको र निजी विद्यालयको आयको स्रोत विद्यार्थी शुल्क मा हुने भएकोले उनीहरु बढि अनुसन्धानात्मक , प्रवतनात्मक र उत्साही भएको र सार्वजनीक विद्यालयको शिक्षकहरु विभिन्न किसिमका तालिमका अवसरहरु पनि पाउने अवसर छ । तर उनीहरुकै तुलनामा निजी विद्यालयका शिक्षकहरुलाई तालिमको व्यवस्था नभएको प्रतिवेदनमा उल्लेख छ । अक्षमता संगै आफ्नो जागिर भर हुने हुदा यस्ता संस्थाहरुमा कार्यरत कर्मचरी संस्थाको वृहत हितमा लागेर कार्य गर्नुपर्ने हुन्छ ।

सार्वजननिक विद्यालयका शिक्षकहरुको तुलनामा निजी विद्यालयका शिक्षकहरुको तलव सुविधा पनि कम भएको प्रतिवेदनमा उल्लेख छ । सेवा सुरक्षको अभावमा निजी विद्यालयको शिक्षकहरु आफ्नो संस्थाको स्थायित्वको लागि साथै कटिबध भएर लागि परेका हुन्छन । संस्थाको सक्षमतासंगै जागिर अडिने हुनाले संस्थाको वृहत हितमा लाग्नु स्वभाविक हो । यसरी हेर्दा प्रस्तुत लेखहरु मार्फत राष्ट्रको शैक्षिक उदेश्य पुरा गर्नको लागि स्थापित संस्थाहरुको विविध समस्यालाई समेटने प्रयास गर्नुका साथै यस्ता लेखहरु शोधकार्यको लागि पनि सन्दर्भिक हुने भएकोले यस अध्यन कार्यमा सम्बन्धित लेखहरु समेटने प्रयास गरिएको छ ।

## २.२ अध्यनको सैद्धानितक खाका

कुनै पनि अध्यन कार्यमा निश्चितता प्राथमिकता एवम वैज्ञानिकताको पछाडि स्पष्ट सोद्धान्तिक अधारले महत्वपुर्ण भुमिका खेलेको हुन्छ । यस अध्यन कार्यमा पनि प्रो डगलक प्याक ग्रेगर (( १९६०) को धारणा मानव समबन्धको सिद्धान्त एंव संगठनको व्यवहारमा सम्बन्धित सिद्धान्त फेर्डिज हर्ज वर्ग (१९५०) को प्रेरक आरोग्यको सिद्धान्तको प्रयोग गरिएको छ ।

ग्रेगरले ( १९६०) औधोगिक संगठनमा मनवीय व्यवहारको सम्बन्ध दुई परस्पर विचारधारको प्रतिपादन गरेको छन । उनको यस विचारधारमा व्यक्तिमा हुने नकारतमक स्वभाव वा पक्षलाई (X) सिद्धान्त र सकारत्मक बानी ब्यहोरा विचार र स्वभावलाई (Y) सिद्धान्तको नाम दिई प्रस्तुत गरेका छन् । कोइराला र श्रेष्ठ २०६४ द्वारा उद्धृत (X) सिद्धान्त परम्परागत , नकारात्मक , तानाशही , निंरकुश शैली को हुन्छ । आफ्ना विचारहरु कर्मचारी विच घनिष्ट सम्बन्ध हुदैन जस्को कारण लक्ष्य प्राप्ति गर्न नियन्त्रयण , निरीक्षण , आदेश निर्देशन दिनुपर्ने हुन्छ ।

यस सिद्धान्तमा ब्यक्तिलाई शक्ति र नियन्त्रणको भरमा काम गराइन्छ । परम्परावादी शोचवाट काम गराइने हुदा कर्मचारीलाई व्यवस्थापकीय कार्यमा सहभागी गराइदैन । अधिक वितीय सुविधा दिएमा राम्रो काम हुन्छ भने मान्यता यस सिद्धान्तले गर्छ ।

(Y) सिद्धान्त सकारात्मक , सहभागिमुलक प्रजातिमुलक प्रजातान्त्रिक सिद्धान्तमा आधारित छ । यसमा ब्यवस्थापक एक नेताको रुपमा सबै कर्मचारकिो आवश्यक राय सल्लाह र सुभ्फावको आधारमा निर्णय गर्ने , स्व–विवेकीय अधिकार दिने आधक अवसर प्रदान गर्ने जीवनस्तर र आयस्तर बढाउने अवसर समेत यो सिद्धान्तले दिएको हुन्छ । यस सिद्धान्तमा कार्यलाई खेल वा विश्रामको रुपमा दिल्इन्छ संगठनको उदेश्य प्राप्तिमा ब्यक्तिगत र सामुहिक प्रयास गरिन्छ । समस्या सामाधानमा सिर्जनात्मकताको उपभोग गरिन्छ तर्सथ यसले ब्यक्तिको अभिप्रेरण बढाउछ भन्ने मान्यता यस सिद्धान्तले राख्दछ (कोइराला र श्रेष्ठ २०६४) ।

ख्याती प्राप्त व्यवस्थापनको सिद्धान्त विद फेरेडरिक, १९५०) ले उल्लेख गरे अनुसार पिटस क्षेत्र वरपरका कम्पनिमा काम गर्ने वा कार्यरत २०० इन्जिनियर एवम लेखाविदहरुलाई संलग्न , गराई उनीहरुको कार्य समपादन मूलयाङ्कन वारेमा लिएका अर्न्तवर्ता अवलोकन अध्यनका आधारमा प्तिपादन गरेका हुन । यस सिद्धान्तलाई को नाम दिए । उपलब्धि , मान्यता , चुनोतिपुर्ण काम , उननती तथा कार्यमा वृद्धि उत्तरदायित्व वहन जस्ता कार्य सुचीसंग  सम्बन्धित तत्वहरुलाई आवश्यक तत्वलाई प्ररेक तत्व र नराम्रा वा असन्तुस्टि दिने कार्यहरुलाई आरोगय ततव गरी दूई तत्वहरु प्रस्तुत गरेका छन ।

अभिप्रेणात्मक तत्वले ब्यक्तिलाई उतकृष्ट कार्य  गर्न अभिप्रेरित गर्नुका साथै ब्यक्तिलाई साकारात्मक सन्तुटितिर लैजान्छ । यो तत्वको आभावमा कामदारमा असनतुष्टिले मात्र अधिक रहन्छ । यो ब्यक्तिको कार्यसँग सम्बन्धि भएको हुदा यस तत्वले कार्य असन्तुष्टिलाई रोक्छ वा उपयोग गरिनु पर्छ । यस्ता तत्वहरुमा ब्यक्तिको विकास चुनैातिपूर्ण कार्य , उपलब्धि पहिचान र मान्यता उत्तरदायित्व , उन्नती , प्रगति , आदि पर्दछ ।

आरोग्य तत्व यो कार्य वतावरण सँग सम्बन्धित छ । कामदारको कार्यक्षमता कुनै पनि वृद्धि र विकास उत्कृट कार्य सम्पादन गर्न अभिप्रेरित गर्दछ । यस तत्वहरु अन्तरगत कम्पनीको निति एवम प्रशासन सुपरिवेक्षकको गुण निरीक्षकसँगको सम्बन्ध , माताहातकारहरु सँगको सम्बन्ध कार्यस्थिति कार्यको सुरक्षा भुवतानीको अवस्था समाजिक मार्यादा सामान समबन्ध ब्यक्तिगत जीवनस्तर आदी पर्दछ ।

माथि उल्लेखित सिद्धान्तहरुवाट के केरा प्रस्ट हुन्छ भने शिक्षकहरु आफ्नो कार्यसम्पादामा सन्तुस्ट र पेशाप्रति सकारात्मकता वढाउन उनीहरुको कार्यको प्रकृति , पदोन्नती , उननत्ति , तलव भता कार्य गर्ने वातावरण अनुकुल वनाउन पर्दछ । त्यस्तै गरी सिद्धान्तविद फेडरिक को आरोग्य तत्वहरुमा कर्मचारी विच समान निती , समान सम्बनध , बयिक्तगत जीवनस्तर उठाउन सहयोग , कार्यको सुरक्षा , सबै

विच समान निति र Y सिद्धान्त अनुरुप कार्मचारीमा अवसर दिने स्व विवेकीय अधिकार , समान सहभागिता आयस्तर वृद्धि गर्ने जस्ता अवसरहरुले पनि शिक्षकहरु आफ्नो कार्यसम्पादन प्रति सन्तुष्ट र सकारात्मक वनाई राख्न मदत गर्दछ भने विद्यालयमा निरन्तर उपस्थित हुने काम प्रति सक्रिय , कामलाई बोझको रुपमा नलिई विद्यालयको काममा सक्रिय रहिरन्छ ।

सही कार्य सम्पादनले शिक्षकलाई कार्यप्रति कार्यप्रति निरन्तर लगलशील भएर लागि पर्न मदत गर्दछ तर कर्यसम्पादन मूल्याङ्कन सही तरिकाले नभमा शिक्षकहरु सुवर्ण अवसर पाएमा आफ्नो पेशा त्याग विद्यालयमा कम क्रियाकलाप दिखिन सक्छ । शिक्षकको कार्य क्षमता वढाउन सेवा सर्त र सुविधा बढाउने पेशाप्रति सुरक्षा कायम गर्ने , निति नियमको प्रभावकारी उपयोग गर्ने जस्ता भएमा पेशाप्रति संतुस्टि प्राप्त हुन्छ ।

## २.३. शैक्षिक उपादेयता

यस शीर्षकमा सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धानितक खाकामा उल्लेख गरिएको सिद्धान्तवाट निम्न अनुसारको शैक्षिक उपादेयता रहेको छ ।

प्रस्तुत लेख रचना र प्रतिवेदनलाई पुनरावलोकन गर्दा निम्न पक्षलाई ध्यान दिदा शिक्षण कार्यलाई प्रभावकारी र कार्य सम्पादन पूग्दछ । शिक्षकहरु सन्तुस्ट र पेशाप्रति सकारात्मक वढाउन उनीहरुको कार्यको प्रकृति पदोन्नती , तलव भत्ता कार्य गर्ने वातावरण अनुकुल वनाउनु पर्छ । शिक्षकहरु आफ्नो पेशा प्रति सन्तुस्ट र सकारात्मक छन भने विद्यालयमा निरन्तर उपस्थित हुने , कार्यप्रति सक्रिय कामलाई सम्पादनको संतुस्ताले शिक्षकलाई निरन्तर लगलशील भएर लागि पर्न मदत गर्छ । तर यसको विपरीत कार्य वा सही तरीकाले मुल्याङ्कन नभएमा शिक्षकहरु यस क्षेत्रमा राम्रो अवसर पाएमा आफ्नो पेशा त्याग्ने , विद्यालयमा कम उपस्थिति देखाउने अवसर पाएमा आफ्नो पेशा त्याग्ने , विद्यालयमा कम उपस्थिति देखाउने सधै तनाव महसुस गर्ने जस्ता क्रियाकलापहरु देखिन सक्छ ।

शिक्षकको कार्य क्षमता बढाउने सेवासर्त र सुविधा वढाउने पेशाप्रति सुरक्षा कायम गर्ने निति नियमको प्रभावकारी उपयोग गर्ने जस्ता कार्य भएमा कार्य सम्पादन प्रति सन्तुस्ट हुन्छ । प्रस्तुत प्रतिवेदनको वास्तविक अवसथालाई वुझन त्याङ्क विश्लेषण गर्न , चिन्तन आत्मसाथ गर्न र सैद्धानितक आधार प्रदान गर्न सहयोग गर्नुका साथै उपयुक्त अध्यनलाई विश्वसनीय बनाउन पनि सघाउ पुऱ्याउछ ।

## ३.१ अध्ययन अनुसन्धान ढाँचा

यस अध्ययन कार्यमा अधिकांश रुपले वर्णात्मक विधिको प्रयोग गरिएको भए तापनि तथ्याङ्क संकलन विश्लेषण तथा प्रस्तुतिको क्रममा संख्यात्मक रुपमा टेवल, चार्ट प्रयोग गरिने परिणात्मक विधि आंशिक रुपमा प्रयोग गरिएकोले यो अध्ययन मिश्रित अनुसन्धान विधि अर्थात परिमाणात्मक र गुणात्मकको संयुक्त स्वरुप प्रयोग गरियो ।

# परिच्छेद तिन : अध्यन विधि

कुनै पनि विषयवस्तु माथि अध्यन गरी निर्धारित उद्देश्य सम्म पुग्न अपनाइने कदम र प्रभावकारी उपाय वा प्रकिया नै विधि हो । कुनै पनि अनुसन्धानको प्रकृति हेरी त्यसँग सम्बन्धित तथ्याङ्क तथा सुचना संकलन गर्नका लागि कनै न कुनै विधिको प्रयोग गर्नू आवश्यक हुन्छ ।

## ३.१ अनुसन्धात्मक ढाँचा

अनुसन्धान ढाँचा अनुसन्धानको पूर्वयोजना एवम रणनिती हो । यसले अनुसन्धान कार्यलार्य मार्ग निर्दशन प्रदान गर्दछ । अनुसनधान ढाँचा अवधारणसँग सम्बन्धित संरचना हो , जसको आधारमा अनुसन्धान गरिन्छ । यो तथ्याङ्क संकलन मापन विश्लेषण गर्ने पद्धतिको योजना एंवम खाका हो । खनाल ,(२०६१ ) अनुसनधान कार्य गर्ने ब्यक्तिले तयार पारेको रुपरेखालाई नै अनुसन्धान ढाँचा देखिन्छ ? अनुसन्धान ढाँचा अन्वेषणले योजना संरचना एंव युक्ति हो जसवाट अनुसन्धान लागि नियनत्रण गर्न सकिन्छ र कर्लिङ्गर ( १९७८ ) यो अध्यन गर्ने क्रममा मिश्रित विधिको प्रयोग गरी अनुसनधान कार्यलाई अगाडि वढाइने छ ।

## ३.२. जनसंख्या र नमुना छनौट

अध्ययन कार्यमा सम्पुर्ण जनसंख्याको अध्यन र विश्लेषण गर्न असमर्थ हुने भएकोले प्रतिनिधि मूलक केही एकाइहरुको छनौट गर्नू पर्दछ । नमूना जनसंख्याको प्रतिनिधित्व गर्दछ । ( खनाल २०६१ ) कुनै पनि विषयको एउटा निस्चित समस्याको अध्यन अनुसन्धान गर्दा समस्या को पुरै भागको अध्यन प्रयोगात्मक रुपले कठिन हुन गर्दा नियन्त्रन कायम गर्न सकिदैन र समग्र र कार्यको हिसाबले पनि जटिल र महगो हुन्छ । जनसंख्या वा समग्रवाट त्यसको प्रतिनिधि हुने गरी एउटा अंश चयन गर्नुलाई नमुना छनौट भनिन्छ । कलिङ्गर , १९७८) कुनै पनि अवस्थामा प्रस्तावित अध्यनको क्षेत्रवाट प्रतिनिधित्व हुने गरी नमुना छनौट गरी अनुसन्धान गर्ने कार्यले प्रयोगात्मक रुपमा सरलता प्राप्त हुनुको साथै समय र जनशीक्त को पनि वचन गर्न सकिन्छ ।

यो अध्यन सिरहा जिल्लाको ग.वि.स. रामनगर मिरचैंया अन्तरगत पर्ने संस्थागत ५ पाँच वटा विद्यालयको कार्यरता केही शिक्षकहरुलाई उद्देश्यमुलक नमुना छनौट गरियो ।

## ३.३ तथ्याङ्क संकलनका स्रोतहरु

कुनै पनि विषयमा अध्यन गर्नको लागि स्रोतहरुको आवश्यकक्ता पर्दछ । अनुसन्धानको प्रकृति अनुसारको तथ्याङ्कक स्रोत गरिनछ । यस्ता स्रोतहरु फरक हुन सक्छन तसर्थ यस अध्यनमा निम्न स्रोतहरुवाट तथ्याङ्क संकलन गरियो ।

### ३.३.१ प्राथमिक स्रोत

अध्ययनमा प्राथमिक स्रोतवाट भरपर्दो र विश्वसनीय तथ्याङ्क संकलन गर्न सकिने भएकोले यस अध्यनमा प्राथमिक स्रोतलाई बढि जोड दिएको छ । प्रस्तुत अध्यनका लागि अवलोकन फारम अन्तरवार्ता सुची र प्रश्नावली निर्माण गरेर प्राथमिक तथ्याङ्क संकलन गरी तयसको बिश्लेषण गरियो ।

### ३.३.२ द्वितीय स्रोत

प्रत्यक्ष भेटघाट स्थलगत कार्य कुराकानी तथा अन्तरवार्ता आदी जस्ता साधनहरु बाहेक अन्य स्रोतहरु द्वितीय स्रोत मानिन्छ । प्रस्तुत अध्यनमा विधालयका विभिन्न अभिलेख शिक्षकहरुका उपस्थिति पुस्तिका शिक्षकहरुको कार्यभार अध्ययनसँग सम्बन्धित लेख तथा रचनाहरु द्वितिय स्रोत हुन ।

## ३.४ तथ्याङ्क संकलनका साधनहरु

कुनै पनि कार्य सफलताका साथ सम्पन्न गर्नको लागि त्यसमा प्रयोग भएका साधनको महत्वपूर्ण रहेको हुन्छ । कुनै पनि विषयसँग सम्बन्धित आवश्यक जानकारी संकलन गर्नका लागि कुनै साधन वा औजारको प्रयोग गरियो ।

### ३.४.१ प्रश्नावली

प्रश्नावली त्यस्तो साधन हो, जसमा श्रृख्लावद्ध निश्चित स्वरुपको प्रश्नहरु हुन्छ, जस्लाई उत्तरदाता समक्ष प्रस्तुत गरिन्छ र उतरदाताले स्वत्रन्त्र रुपले प्रतिकृया व्यक्त गर्दछ । शैक्षिक अनुसन्धानको कममा अन्तरवार्ता र अवलोकन उपयुक्त नभएको बेला प्रश्नावली विधि को प्रयोग गरिन्छ । (खनाल , २०६१ ) ।

प्रस्तुत अध्यनकमा तथ्याङ्क संकलन गर्नका लागि प्रश्नवलीको निमार्ण गरी प्रश्नहरु शिक्षक प्रतिनिधिहरुलाई वितरण गरियो । जस अर्न्तगत शिक्षकहरुको आफ्नो कार्यप्रति धारणा कार्यगत विकासमा कुन कुन तत्वले प्रभाव पारेको छ ? । शिक्षकहरुले आफ्ना कार्यसम्पानलाई कसरी लिएका छन? शिक्षकहरु नियुक्ति गर्दा कस्ता निति र अभ्यासहरु अपनाएका छ ?जस्ता बिषयवस्तुलाई समेटी प्रश्नावली निर्माण गरिएको छ ।

## ३.४.२ अन्तरवार्ता

अन्तरवार्ता शैक्षिक अनुसनधानमा प्रयोग हुने महत्वपुर्ण साधन हो, अन्तरवार्ता ब्यक्ति ब्यक्ति विचको त्यो साक्षताकार अवस्था हो जहाँ अन्तरवार्ताकर्ता उत्तरदातासँग यस्तो प्रश्न गर्छ ,उतरदाताले खुल्सत रुपले आफना विचार व्यक्त गर्दछ ।

प्रस्तुत अध्यनमा शिक्षकहरुवाट उनीहरुको कार्य सम्पादन मूल्याङ्कनको वारेमा जानकारी प्राप्त गर्न खुला प्रश्नवलीको निमार्ण गरी अन्तरवर्ता लिइने छ । यस अनरगत शिक्षण पेशाप्रति वि.ष्य.स. बिधार्थी प्र.अ. को ब्यवहार शिक्षकहरुप्रतिको भेदभाव , शिक्षण पेशापा देखिएका समस्याहरु के कस्तो रहेको छन जस्ता प्रश्नहरु समेटिए छ । त्यसै गरी शिक्षकको उमेर शिक्षा लिङ्ग सेवा सुविधाहरुमा सम्बन्धि प्रश्नहरु अनुसुचि ३ अनुसार राखिएको छ ।

## ३.४.३ अवलोकन

शाब्दिक अर्थमा अवलोकन भनेको नयाँ कुरा प्राप्त गर्नका लागि कुनै ब्यक्ति अथवा बस्तुलाई पटक पटक हेर्न कार्य भन्ने बभिन्छ । Horlry , 2000 गुणात्मक अनुसनधानमा अवलोकनद्वारा व्यवहार घटना , तथा प्रस्थितीका विस्तुत विवरण उल्लेख गरिन्छ भने परिणात्मक अनुसनधानमा कुनै खास व्यवहार वा घटना निश्चित समयमा कतिपटक देखा पऱ्यो, त्यसको अवधि कति रहयो जस्ता संख्यात्मक त्थयाङ्कहरुको संकलन गर्न अवलोकन गरिन्छ ।

## ३.४.४ तथ्याङ्क संकलन तथा विश्लेषण प्रकिया

कुनै पनि अध्यन अनुसन्धान गर्दा त्यसका तथ्याङ्क गर्दा त्यसको त्थयाङ्क संकलन गर्न सकेमा निस्कर्ष सार्थक र उपयोगी हुन्छ । विभिन्न साधन स्रोतवाट त्थयाङ्कको विश्लेषण तथा ब्याख्या गर्नु एउटा महत्वपूर्ण कार्य हो ,जस्मा तथ्याङ्कलाई संगठित गर्ने , कम मिलाउने र व्यवास्थित गर्ने कार्य गरिन्छ । प्रस्तुत अध्यनमा पनि तथ्याङ्क संकलन गर्ने कममा सिरहा जिल्लाको रामनगर मिरचैंया ५ वटा संस्थागत विद्यालयमा कार्यरत शिक्षकहरु छनौट गरी तोकिएको उद्देश्य पुरा हुने खालको प्रश्नावली तयार गरी शिक्षकहरुमा वितरण गरी आवश्यक जनकारी संकलन गरिने छ । अध्यनवाट प्राप्त तथ्याङ्कलाई सरल स्पस्टर बुझ्न सकिने गरी आवश्यक्त अनुसार तालिका प्राप्त निस्कर्षलाई प्रतिशत र ब्याख्या विधिको प्रयोग गरि तथ्याङ्कको विश्लेषण गरियो ।

# परिच्छेद–४

# नतिजाको विश्लेषण

अध्ययन तथा अनुसन्धानको लागि छनोट गरिएका नमूनावाट सही नतिजा प्राप्त गर्न तयार परिएको साधानको सहायताबाट तथ्याङ्क संकलन गरिसकेपछि त्यसलाई विश्लेषण तथा प्रस्नुतीकरण गर्नुपर्छ । जवसम्म तथ्याङ्कको सही विश्लेषण गरिदैन, तवसम्म निस्कर्ष निस्कदैन । तसर्थ तथ्याङ्कको सही विश्लेषणको आधारमा नै विषयवसतुको समस्याको वारेमा निस्कर्षमा पुगी अध्यनलाई व्यवहारिक र वस्तुपरक वनाउन सकिन्छ । स्थलगत अध्यनवाट प्राप्त प्रतिक्रिया र तथ्याङ्कलाई उदेश्य तथा अनुसन्धानात्मक प्रश्नमा आधारित रही गुणात्मक विधी अपनाई निमम्न अनुसार विश्लेषण र प्रस्तुतीकरण गरिएको छ ।

## ४.१ निजी विद्यालयको शिक्षकहरुको कार्यसम्पादनको अवस्था

**४.१.१ पेशागत सनतुष्टिको अवस्था** : शिक्षकहरुको पेशागत संन्तुस्टिको अवास्थालाई हेर्दा सवैको फरक धारण रहेको थियो । शिक्षकहरु कोही आफ्नो पेशा प्रति पूर्ण सन्तुस्टि , कोही आंशिक सनतुस्ट र कोही पेशाप्रति असन्तुस्ट रहेको पाइन्छ ।

तालिका नं. :–१

| क.स. | शिक्षकको पेशागत सन्तुस्टिको अवस्था | शिक्षकको संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | पूर्ण सनतुस्ट | १६ | ४० |
| २ | आंशिक अन्तुस्ट | १८ | ४५ |
| ३. | असन्तुस्ट | ६ | १५ |
| | जम्मा | ४० | १०० |

समग्रमा हेर्दा निजी विद्यालयमा कार्यरत शिक्षकहरुमा आंशिक सन्तुस्टिको तह धेरै र थोरै मात्र सन्तुस्टिको अवस्था रहेको छ । यस अध्यनमा महिला शिक्षकहरु कार्यप्रति सन्तुस्ट रहेको र व्यसक युवाहरुमा सन्तुस्टिको तह कम रहेको पाइन्छ । त्यस्तैगरी विवाहित शिषकहरुमा परिवारिक जिमेवारी बढी रहने भएकोले आफ्नो पेशा र तलवप्रति कम सन्तुस्ट रहेको पाइन्छ । विना भेदभाव रहित कार्य वातावरण रहेको पाइन्छ । विना भेदभाव रहित कार्य वातावरण रहेका शिक्षकहरु आफ्नो कार्यप्रति सन्तुस्ट रहेको पाइन्छ । लामो समय यस कार्यमा विताएका शिक्षकहरुले यही पेशा वा कार्यलाई

निरन्तरता दिन खोजेका पाइयो भने यस कार्यमा कम समय विताएका शिक्षहरु आफ्नो पेशाको असुरक्षा कामप्रतिको बठिनाइको कारण यस पेशा वाहेक अन्य पेशा पाएमा यस पेशालाई परिवर्तन गर्न चाहेको पाइयो ।

## ४.१.२ संस्थागत विद्यालयका सुविधाहरु :

संस्थागत विधालयमा कार्यरत शिक्षकहरुले पाउने सुविधा विधालय अनुरुप फरक फरक रहेको पाइयो । निजी विधालयहरुमा विशेष गरेर निमिन्न अतिरिक्त कियाकलापहरु जस्तै नित्य , नाटक , खेल, गायन चित्रकला अन्य संचालन गरिने हुदा शिषकहरु उक्त कार्यमा सकिय हुनुपर्छ ,यसवाट शिक्षहरुको व्यक्तित्व विकासमा टेवा पुग्दछ ।

कतिपय विद्यालयमा यस्ता कियाकलाप संचालन गर्न आंशिक शिक्षकहरु पनि नियुक्त गरिन्छ विद्यालय भौतिक अवस्था र आर्थिक अवस्था अनुरुप शिक्षकलाई दिइने सुविधा पनि फरक फरक हुन्छ । केही विधालयमा शिक्षकहरुलाई तालिम भता , नियमित कक्षाका साथै अतिरिक्त टयूशन कक्षा दिए वापत तलाव वाहेक अन्य थप आम्दानी पनि विद्यालयवाट प्राप्त गर्दछ । तर कतिपय विद्यालयमा थप सुविधा तलव वाहेक दिदैन ।

## ४.१.३ शिक्षकहरु विदाको व्यवस्था

संस्थागत विधालयहरुमा विदाको सुविधा समुदायिक विधालयमा कार्यरत शिक्षकहरु जस्तो छैन , मासिक रुपमा २ दिन गरी वार्षिक २४ दिन मात्र विदाको व्यवस्था शिक्षकहरुको लागि व्यवस्था गरेको देखिन्छ । विरामी विदा भैपरी विदा , अध्यन विदा सुतकेरी विदा लगायत  अन्य कुनै पनि विदाको ब्यवस्था नभएको जानकारी संस्थागत विदालयमा कार्यरत शिक्षक रामकुमार माउलेवाट  पाइयो । नमूना छनौटमा परेको विद्यालयहरु मध्ये आर्दश शिक्षा सदनले टिफिनको समयमा शिक्षकहरुको लागि चिया उपलब्य गराउने गरेको प्रतिकिया त्यही कार्यरत शिक्षकवाट पाइयो । कतिपय विद्यालयमा कहिलेकाही शिक्षकहरुले आफ्नो अतिरिक्त समय विदाको वेलामा पनि विद्यालयलार्य दिनुपर्ने र कतिमात्र नभए विभिन्न शिक्षक वैठक अभिभावक भेला शनिवार नै संचालन गरिन्छ र आफ्नो  विदाको समय पनि विद्यालयमा उपस्थित हुनुपर्छ जसका निम्ति शिषहरुलाई कुनै सुविधा उपलब्ध गराउदैन ।

## ४.१.४ शिक्षकको पेशागत सुरक्षा :

विद्यालयमा कार्यरत शिक्षहरुले मासिक तलव नेपाल सरकारको मापदण्ड अनुसार नपाएता पनि विधालय संख्यात्मकको निर्णय अनुसार मासिक रुममा तलव पाइन्छ जुन दैनिक ज्यालाको आधारमा श्रमिकले जस्तै कार्य गरेको हुन्छन् । जागीरका भरमा नै भविष्य निरधारन हुन्छ ।  जागीरको असुरक्षा भनेको नै भविस्य

निधारण नहनु हो । यदि शिक्षकहरु जागिरको सुरक्षा र तनावयुक्त छन भने तिनीहरुलाई भविस्यको वारेमा चिन्ता हुदैन, जसले गर्दा विद्यालयमा राम्रो व्यवहार र आफ्नो कायैप्रति इमान्दार रहन्छन् । निजी विद्यालयका शिक्षकका तुलनामा सामुदायिक विद्यालयको शिक्षकको पेशाको सुरक्षा रहने कारणले गर्दा सामुदायिक विद्यालयमा काम गर्न रुचाउछन । शिक्षकहरु आफ्नो पेशागत सुरक्षवारे सकारात्मक छन् ,जसलाई तलको तालिकाबाट प्रस्तुत गरिएको छ ।

**तालिका नं. २ पेशागत सुरक्षाको अवस्था**

| क.स. | शिक्षकको पेशागत सन्तुस्टिको अवस्था | शिक्षकको संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | स्थायी भएको | ८ | २० |
| २ | अस्थायी भएको | ३२ | ८० |
| | जम्मा | ४० | १०० |

समग्रमा हेर्दा अध्यनमा संलगन शिक्षकहरु मध्ये धेरैको मात्र शिक्षण पेशा सुरीक्षत भएको पाइयो भने ववहुसंख्यक शिक्षको जागिरको सुरक्षानभएको पाइयो । जसको पेशागत सुरक्ष छ ती शिक्षकहरु आफ्नो पेशाप्रति सकारात्मक र सन्तुस्ट तह उच्च देखिन्छ र पेशागत असुरक्ष वढी भएका शिक्षमा पेशागत सन्तुष्टि कम रहेको पाइयो ।

आफ्नो पेशाप्रति निरुिची वा सुरक्षको महसुश भएका शिक्षकहरु सकारत्मक धारणको विकास हुनु र सुरक्ष नभएका समुहहरुमा आफ्नो कार्यप्रति नकारात्मकता र असन्तुस्ट हुनु स्वभाविक कुरा हो पेशाप्रति सुरक्षा भएका भविष्य पनि सुरक्षित हुनु जान्छ भने सुक्षित नभएकाहरु आफ्नो भविष्यप्रति सधै चिन्तित रहन्छन् ।

## ४.२ संस्थागत विधालयको शिक्षकको कार्यसम्पादन मूल्याङकनमा प्रभाव पर्ने तत्वहरुः

संस्थागत विद्यालयमा कार्यरत शिक्षकहरुको कार्यसम्पादनमा समाजिक आर्थिक शैक्षिक योग्यता, आर्कषक तलव लगायत आदी पक्षहरुले सकारात्मक रुपमा प्रभाव पारेका हुन्छन्

### ४.१.२ शिक्षणको तह

संस्थागत विद्यालयमा कार्यरत शिक्षकहरुको शिक्षण गर्ने तालिका नं. ३ शिक्षणको तह विवरण

| क.स. | शिक्षण तह | शिक्षकको संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | पूर्व प्राथमिक तह | २ | ५ |
| २. | प्राथमिक तह | ४ | १० |
| ३ | निम्न माध्यमिक तह | २० | ५० |
| ४ | माध्यमिक तह | १४ | ३५ |
| | जम्मा | ४० | १०० |

प्रस्तुत तथ्याङ्कलाई हेर्दा अध्यनमा संलगन अधिकान्स शिक्षकहरु निम्न माध्यमिक तहमा अध्यापन गराउने गरेको पाइयो । त्यस्तै केही शिक्षकहरु माध्यमिक तहमा अध्यापन गराएको र केही शिक्षकहरु पूर्व प्रथमिक तहमा शिक्षण गर्ने गरेको पाइयो ।

## ४.२.२ शिक्षक छनोटको आधार

विद्यालयको आफ्नो निती नियम अनूरुप आधार वा नियमभित्र रहेर विद्यालयले शिक्षकहरुको छनौट गर्दछ । छनोटमा परेका विद्यालयहरुमा स्थलगत अध्ययन गर्दा धेरै जसो शिक्षकहरु व्यक्तिगत सम्पर्कको माध्यमवाट छनौट भएको पाइयो । व्यक्तिगत सम्पर्क बाट छनोट भएका शिक्षकहरु संस्थापकहरुका नजिक रहहेको समेत पाइयो भने केही शिक्षकहरु संस्थापहरु स्वतन्त्र प्रतिस्पर्धावाट छनोट भएको पाइयो तर तिनीहरु आफूले सोचे अनुसारको सेवा सुविधा नपाउदा कार्यमा व्यक्ति ध्यान नदिने गरेको समेत प्रतिकया पाइयो ।

विद्यालयमा शिक्षक छनोट गर्ने तर कतिपय विद्यालयहरुले यो नियम नअपनाई व्यक्तिगत सम्पर्कवाट शिक्षक छनोट गर्दा स्वच्छ प्रतिस्पर्धावाट शिक्षकहरुमा भेदभाव हुन जान्छ । ज्सवाट कामप्रति नकारात्मक धारणको विकास हुन गई कार्यमा कमी आउँछ ।

## ४.२.३ शिक्षकहरुको शैक्षिक योग्यताको स्थिति

शिक्षकहरुको शैक्षिक योग्यताको स्थिति निम्न अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

| क.स. | शैक्षिक योग्यता | शिक्षक संख्या |
|---|---|---|
| १ | एस –एल सी. | २ |
| २. | प्रमाण पत्र तह पलस २ | ६ |
| ३. | स्नातक तह | २४ |
| ४. | स्नातकोत्तर तह | ८ |
| | जम्मा | ४० |

समग्रमा हेर्दा अध्यनमा संलगन शिक्षकहरुमा सबैभन्दा धेरै शिक्षकहरु स्नातक तह उतीर्ण गरेको पाइयो भने थोरै मात्र शिक्षकहरु एस एल सी उतीर्ण गरी यस पेशामा संलगन रहेको पाइयो । विश्लेषणतमक रुपमा हेर्ने  हो भने उच्च शिक्षा हासिल गरेको शिक्षकहरुको तुलनामा निम्न शिक्षा हासिल गरेको शिक्षकहरु आफ्नो कार्यप्रति सन्तुस्ट रहेको पाइयो । उच्च शिषा हासिल गरेका शिक्षकहरु आफ्नो शिक्षा अनुसारको तलव प्राप्ती र अन्य सुविधाहरुको चाहना राखेका हुनछन। नीजि विद्यालयहरुमा यो अवसर निकै कमी हुन्छन् ।

निजी विद्यालयमा सरकारी तवरवाट रकम उपलब्ध नहुने हुदा सवै रकम विधालय तर्फवाट वेहोर्नु पर्ने हुन्छ । तलव वृद्धिको अवसर हुदैन । त्यसकारण उच्च शिक्षा प्राप्त व्यक्तिहरु आफ्नो योग्यता अनुसारको परिश्रमिक नपाउँदा नपाउँदै काम गर्न बाध्य छन् । शिक्षकहरु काम अनुसारको दाम नपाउदा आफ्नो कार्यलाई सकारत्मक ढंगले अगाडि नवढाउने गरेको प्रतिकिया ( नाम नखुलेको) एक जना शिक्षकवाट पाइयो ।

## ४.२.४ शिक्षक बढुवाको आधार

विद्यालयहरुले आफ्नो विद्यालयहरुको नितिनियम भित्र रहेर शिक्षक वढुवा तोकेको हुन्छ । प्रस्तुत अध्ययनको कममा पनि शिक्षकहरुको प्रतिकियाको आधारमा प्राप्त वहुआदी आधारहरु निम्न अनुसार रहेको छ ।

**तालिका नं.–५**

शिक्ष्क बढुवाको आधार

| क.स. | बढुवाको आधार | शिक्षकको संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | कार्यक्षमताको आधार | ६ | १५ |
| २ | योग्यता | ८ | २० |
| ३ | शिक्षण अनुभव | ८ | २० |
| ४ | पक्षपात | ४ | १० |
| ५ | सेवा अवधि | ६ | १५ |
| ६ | विधार्थी संख्या वृद्धि | ४ | १० |
| ७ | थाहाँ नभएको  नवताएको | ४ | १० |
| | जम्मा | ४० | १०० |

स्रोत स्थलगत अध्यन २०७१

माथिको तालिकालाई हेदा अध्यनमा संलग्न शिक्षकहरुको बढुवाको आधारमा शैक्षिक योग्यता र शिक्षण अनुभवको आधारमा शिक्षहरुको बढुवा हुने आधारमा शिक्षकहरुको वढी प्रतिकिया रहेको पाइयो र संस्थागत शिक्षक वढुवाको ठोस निती नहुने हुदा बढुवा प्रणली प्रवल भने अर्को तर्फ निजी विद्यालयका शिक्षकहरुको वढुवाको रुकरुपता पनि छैन । अध्ययनमा संलग्न  केहो शिक्षकहरुले आफ्नो विद्यालयमा शिक्षक वढुवाको आधार के रहेको छ , थाहा नभएको र विद्यालयले नवताएको प्रति किया पाइयो ।

प्रत्येक विद्यालयको निति अनुरुप शिक्षक बढुवाको अधार निर्धारण गरिएको हुन्छ । शिक्षक बढुवा हुदा शिक्षकहरुको शिक्षण कार्यमा परिवर्तन, माथिल्लो पदमा जानु  उनीहरुको तलव वृद्धि, उत्तरदायित्व वृद्धि र आत्मसन्तुस्टि जस्ता मुदाहरु प्राप्त हुन जान्छ, जस्ले गर्दा शिक्षकलाई कार्यप्रति  सन्तुष्ट बनाउन र हौसला बढाउन सहयो पुग्दछ ।

## ४.२.५ वैवाहिक स्थिति

कुनै पनि पेशामा संलग्न व्यक्तिहरु हुदाँ शिक्षकहरुको पनि वैवाहिक स्थितिले उनीहरुको पेशासँग प्रत्यक्ष सम्बन्धित हुन्छ ।

प्रस्तुत अध्यनमा संलग्न शिक्षकहरुमा अविवाहित शिक्षकको तुलनामा विवाहित शिषकहरुको संख्या वढी थियो (२ जना विवाहित १९ जना अविवाहित थियो । जून तुलनात्मक रुपमा हेर्ने हो भने अविवाहित शिक्षकहरुका तुलनामा विवाहित शिक्षकहरु आफ्नो कायैप्रति असन्तुस्ट हुन्छन् ।

समसामायिक रुपमा हेर्ने हो भने अविवाहित शिषकहरु भन्दा विवाहित शिक्षकहरुमा बढी परिवाररिक दायित्व आर्थिक भार र अन्य भार बढी हुने हुदा अविवाहित शिक्षकहरु गतिशील वढी स्वतन्त्र र उनीहरु प्रति विवााहित शिष्कहरुको तलनामा कुनै पनि किसिमको भार नरहने हुदाँ विवाहित शिक्षकहरु बढी यस कार्यप्रति असन्तुस्ट हुन्छन् ।

# परिच्छेद–५

## प्राप्ती,निष्कष तथा सुझावहरु

अध्ययनमा संलग्न शिक्षकहरु आफ्नो कार्य, पेशाप्रति सन्तुष्ट र असन्तुष्ट दुवै देखिन्छ् । अध्ययनमा संलग्न महिला र पुरुषको कार्यप्रतिको सन्तुष्टि तह तुलना गर्दा पुरुषको तुलनामा महिलाहरु नै आफ्नो कार्यप्रति सन्तुष्ट रहेको देखिन्छन । त्यस्तै गरी वैवाहिक स्थितिको तुलना गर्दा विवाहित १९ जना तथा अविवाहित २१ जना रहेको पाइयो । जहाँ विवाहित संख्या भन्दा अविवाहित बढी रहेको देखियो ।

विश्लेषनात्मक रुपमा हेर्दा विवाहित शिक्षकहरुभन्दा वढी अविवाहित शिक्षकहरु आफ्नो कार्य प्रति सन्तुष्ट र सरकारात्मक देखिन्छ । अध्ययनमा संलग्न शिक्षकहरुको शैक्षिक याग्यतालाई नियाल्दा अन्य तह भन्दा स्नातक तह उतीर्ण शिक्षकको संख्या ६० प्रतिशत रहेको देखिन्छन् । उच्च शिक्षा हासिल गरेको शिक्षकहरुको तुलनामा निम्न शिक्षा हासिल गरेका शिक्षकहरु आफ्नो कार्यप्रति सन्तुष्ट छन् ।

अध्ययनमा संलग्न शिक्षकहरुको शिक्षण गर्ने तहलाई हेर्दा माध्यमिक तह र निम्न माध्यमिक तह अध्यापन गराउने शिक्षकको संख्या अधिक रहेको पाइन्छ । शिक्षकहरुको कार्य संतुष्टि र समान कार्यभार विच प्रत्यक्ष सम्बन्ध रहन्छ । प्रतिहप्ता ३१ देखि ४० र ४१ देखि ५० पेरीयड शिक्षकहरु संख्या क्रमश ४० र ३० प्रतिशत रहेको छ जुन अन्य भन्दा अधिक रहेको पाइयो । हप्तामा वढी आफ्नो कार्यप्रति सन्तुष्ट रहेको छैनन् ।

कार्यसम्पादन हेर्दा यस कार्यमा थोरै वर्ष सेवा गरेका शिक्षकहरु भन्दा यस क्षेत्रमा धेरै बर्ष विगतका वा काम गरेका शिक्षकहरु आफ्नो काम प्रति सकारत्मक र सन्तुष्ट रहेका छन् । बहुसंख्यक शिक्षकहरुले लामो सेवा अब्धि काम गरेमा त्यस कार्यप्रति लगाव वा सन्तुष्ट हुने कुरा वताएका छन् । अध्ययनमा संलग्न शिक्षकहरुको पेशागत सुरक्षाको स्थितिलाई हेर्दा पेशागत सुरक्षाको अनुभव गरेका शिक्षकहरुको कार्यगत सन्तुष्टि तह बढने र पेशागत सुरक्षा कम भएका शिक्षकहरुको कार्यगत सन्तुष्टि तह पनि कम रहेका छन ।

शिक्षकहरुको बढुवाको आधार विशलेषण गर्दा सबै भन्दा बढी शैक्षिक याग्यताको आधारमा २० प्रतिशत कार्यक्षमताका आधारमा १५ प्रतिशत शिक्षकहरुको बढुवा गरिएको पाइयो । शिक्षक बढुवा हुदा शिक्षण कार्य परिवर्तन , तलव वृद्धि , माथि पदमा जाने अत्तरदायित्व बढेत जस्ता कुराले शिक्षकलाई आफ्नो कार्यप्रति सन्तुष्टि गर्दछन । शिक्षकले प्राप्त गर्ने मासिक तलव र उनीहरुको कार्यसम्पादन बिच प्रत्यक्ष सम्बन्ध रहेको हुन्छ । तसर्थ मासिक तलव समयमै दिने नियमवारे अध्यन र विश्लेषण गर्दा विधालयहरुमा न्यायसंगत रुपमा लागु भएको छैन । त्यस विद्यालयका शिक्षकहरु आफ्नो पेशा र काम प्रति सकारात्मक र सन्तुस्ट रहेको छैन । सिकाई गर्ने वातावरणलाई हेर्दा जुन विधालयमा शिक्षण गर्ने र

काम गर्ने वातावरण स्वच्छ र सन्तोष जनक हुन्छ उक्त विधालयका शिक्षकहरुमा कार्यप्रति सन्तुस्ष्टि र सकारात्मक भावनाको विकास हुनुपर्छ ।

संस्थागत विद्यालयमा दिइने विदाको सुविधा तालिमको सुविधा खाजा , वस भाडा खर्च ,शैक्षिक सुविधा, विधालयमा काम गर्ने सहज वातावरण , प्रधानध्यापकबाट प्राप्त सहयोग, कमान कार्यभारको वितरणवाट शिक्षकको शिक्षण कियाकलाप गुणस्तरीय वनाउन मदत पुग्नुको साथै शिक्षकहरु आफ्नो कार्यमा सन्तुस्टि , उत्साह र आत्साह र आतमविश्वासको विकास हुन जान्छ । अध्ययनमा संलग्न शिक्षकहरुलाई यो पेशा अवलम्वन गर्दा विविध परिवारिका सामाजिक र लैङ्गिक चुनौतीहरु पनि आइपरेको छ ।

सामुदायिक विद्यालय सदर निजी विद्यालयले शिक्षकको ब्यक्तित्व विकासको लागि धैरै अवसरहरु उपलब्ध गराएको छ । जस्मा विविध किसिमका तालिमको अवसर ग्रेडिङ्गको अवसर , सेमिनार गोष्ठिमा सहभागीताको अवसर पनि पाएका छन् । त्यसैगरी अध्यनवाट यो कुरा पनि पुष्ट भएको छ कि शिक्षकहरुलाई शिक्षण पेशा अपनाउदा व्यवस्थापन समिति , प्र.अ. , शिक्षक र विधार्थीवाट सन्तोषजनक व्यवहार पाएतापनि विद्यालयका हरेक कियाकलाप , निर्णयक कार्यमा शिक्षकहरुको सहभागिता कम देखिन्छ ।

संस्थागत विधालयमा प्रदान गरिने विदामा पनि एकरुपता नदेखिएता पनि अध्यनमा संलग्त शिक्षकहरुलाई हिउदे र वर्षे विदाहरुको सुविधामा वढी दिने गरेको देखिन्छ । कतिपय शिक्षकहरुको मासिक तलवबाट नै सम्पूर्ण घर खर्च ललाउन पर्ने हुन्छ । तयसकारण शिक्षकहरुको कार्यसमपानद र उनिहरुले प्राप्त गर्ने तलव वीच प्रत्यक्ष सम्बन्ध रहन्छ ।

अध्यनमा संलग्न शिक्षकहरुको तलव विशलेषण गर्दा ८,१०० देखि १०,००० सम्मको तलव पाउने शिक्षकको २० प्रतिशत र १२,१०० भन्दा माथि तलव पाउने संख्या ३० प्रतिशत देखिन्छ । यो अन्य भन्दा वढी रहेको छ । अध्ययनमा संलग्न १६ जना शिक्षकले समयमा तलव नपाएको र २४ जनाले तलव पाएको देखिन्छ निजी विद्यालयका शिक्षकहरुलाई तपाई यो पेशा भन्दा राम्रो अन्य पेशाको अवसर पाएमा यो पेशामा जानु हुन्थ्यो भनी गरिएको प्रश्नमा आधिकाशं शिक्षकहरुवाट जाने वा अन्य पेशा रोज्न बाध्य छन् ।

संस्थागत विद्यललयका शिक्षकहरुको कार्यगत कार्यसम्पदानलाई सन्तुष्टिको तह निधारण गर्ने वा पेशाप्रति सकारात्मक धारणा अभिवुद्धि गर्ने तत्वहरुका तलव सुविधा विदा, शिक्षण सेवा अवधि समयमै तलव उपलद्धता वढुवा निती काम गर्ने वातावरण शैक्षिक सामग्रीको उपलब्दता समय अनुरुप शिक्षण विधि रहेको छन् ।

यस्ता सबै सुविधा वा तलवले शिक्षकहरुको कार्य सन्तुष्टि वनाई राख्न मदत गर्नूको साथै आर्कोतर्फ शिक्षकहरुलाई विभिन्न किसिमका भताहरु जस्तै चाडपर्व खर्च, यातायात खर्च , औषधी

उपचार खर्च, खाजा खर्च आदी सेवा उपलब्ध सगाएमा शिक्षकहरु आफ्नै पेशाप्रति मानसिक रुपमा पनि सकारात्मक हुन्छन । शिक्षकहरुलाई उनीहरुको कार्यको प्रंस्सा गर्ने प्रेरित गर्ने हो भने उनीहरु मनोवैज्ञानि तवरले आफ्नो पेशाा वा कार्यप्रति उतप्रेरित हुन्छन् र आफ्नो पेशाप्रति सन्तुष्ट देखिन्छ ।

## ५.२ सुझावहरु

यस अध्यनमा देखिएका समस्यालाई समाधान गर्न नीतिगत तहमा लिइनुपर्ने निर्णयहरु कार्यानवयन तहमा गरिनुपर्ने कार्यहरु र अनुसधान तहमा गरिनु पर्ने कार्यहरु देखिन्छ । यस्ता कार्यहरुलाई प्रभावकारी रुपमा संचालन गर्न निम्न लिखित सुझावहरु प्रस्तुत गरिएको छ ।

### ५.२.१ नितिगत तह

निजि विद्यालयमा कार्यरत शिक्षकहरुको कार्यसम्पादन के उचित मूलयाङ्कन गर्न आफ्नो कार्यप्रति सकारात्मक वनाउन आर्थिक शैक्षिक र भौतिक विकासको लागि शैक्षिक नीतिमा स्पस्टता हुनुपर्छ । शिक्षकहरुको कार्यभार , शैक्षिक योग्यता र वजारको मूलइ वृद्धिलाई ध्यानमा राखी उनीहरुको तलव वृद्धि गर्ने खालको व्यवास्थित योगना वनाउनु पर्छ । शिक्षकहरुलाई तनावमुक्त वतावरणमा काम गर्ने सक्ने व्यवस्था मिलाउनुको साथै गरिएको सुरक्षा हुने खालको निति नियम वनाउनु पर्छ ।

सञ्चयकोषको व्यवस्था मिलाउन आवश्यक निती नियम मिलाउनुपर्छ, जसवाट शिक्षकहरुको भविष्य सूरक्षित हुन जान्छ । सामुदायिक विद्यालयहरुमा जस्तै निजी विधलयहरुमा पनि शिक्षकहरुको पेशागत हितको लागि पेनसनको सुविधा भाताहरको सुविधा , तलव सुविधाहरु उपलब्ध गराउनु पर्छ ।

सामुदायिक विद्यालयहरु सरह निजी विद्यालयको विकास र विस्तार गर्न सरकारी तवरवाट निश्चित नियम कानुनको व्यवस्था गरी समय समयमा तयसको अनुगमन गरिनु पर्छ । सामुदायिक विद्यालयमा हुने गरेको असमान व्यवहार पेशागत शोषण , एकाअधिकारलाई नियनत्रण गर्नु सरकारले नियमित रुपमा अनुमान र निरीक्षण गरिनुपर्छ ।

शिक्षकहरुको आफ्नो कार्यप्रति सन्तुष्ट र सकारात्मक वनाउन , शैक्षिक गुणस्तर वृद्धि गर्नको प्रधानाध्यापक , संस्थापकहरु , शिक्षकहरु संगठनहरु स्रोतकेन्द्र र अभिभावक संगठनहरु सँग शिक्षकको राम्रो सम्बन्ध स्थापित गर्ने , शिक्षकमा , शैक्षिक स्थिति सुधार र परिमार्जित निस्चित नियम , निती र कानुनको व्यवस्था सरकारी तवरवाटै गरिनुपर्छ ।

## ५.२.२ कार्यन्वयन तह

विद्यालयमा कार्यरत शिक्षकहरुको मनोवल बढाउन कामप्रति प्रेरित गर्न विधालय प्रशासन वा व्यवस्थापन पक्षहरुवाट शासक हाकिम जस्तो ब्यवहार गर्नुभन्दा सहयोगात्मक ब्यवहार गरी कार्य गर्ने वातावरण उपलब्ध गराउन पर्छ । शिक्षकहरुलाई पेशागत विकास गर्न विभिन्न तालिम सेमिनार र गोष्ठीको ब्यवस्था गरिनु पर्छ ।

विधालयको तर्फबाट दिइने सेवा सुविधाहरुमा कुनै किसिमको भेदभाव गर्नु हुदैन । प्रशासनीक तर्फवाट शिक्षकहरुको शिक्षण तह , शिक्षण सीप , अनुभव योग्यताको आधारमा तलव र कार्यभारमा निश्चितता गरिदिनुपर्छ । विधालयले पनि सरकारले मान्यता दिएका राष्ट्रिय र अन्तराष्टिय स्तरका तालिमहरु संचालन गरी शिक्षकहरुको पूर्ण सहयभागिता गराइनु पर्छ । शिक्षकहरुले गरेका कामको विधालय ब्यवस्थापन पक्षवाट प्रशंसार र कदर गरिनुपर्छ शिक्षकहरुलाई शिक्षण पेशाको सम्बन्धमा आत्म मूल्याङ्कनको निर्णय गर्न विद्यालयका हरेक विविध गतिविधि र निर्णयक कार्यमा सहभागि गराई सव्तनत्र , निर्णय राख्न दिनुपर्छ ।

### ५.२.३ अनुसनधाना तह

अनुसनधानले शैक्षिक प्रकियामा महतवपूर्ण योगदान पुरयाएको हुन्छ । कुनै पनि अनुसनधान अन्तिम हुदैन अनुसनधानवाट प्राप्त निष्कर्ष , सुझाव र परिणामले अनुसनधान क्षेत्रमा विस्तार गरी अरुलाई पनि अनुसनधान गर्न उत्प्रेरित गर्नुपर्दछ ।

अनुसनधानको सिद्धानत आफैमा आलोचनात्मक हुने हुदा तयसको मूल्याङ्कन गरिनपर्दछ । प्रस्तुत अध्यन सिमित क्षेत्र र सिमित संख्यामा गरिएकोले यसको लागि वृहत क्षेत्र र विद्यालयको संख्या पनि बढी समेटनु पर्छ । प्रस्तुत अनुसनधानले समेटेको समित सुचकहरु मात्र नरही अनय सुचक समेटी अनुसनधान गरिनु पर्छ ।

तसर्थ प्रस्तुत अध्यनवाट शीर्षकवाट वा पक्षहरुमा अझ वृहत रुपमा अनुसनधान गर्न सकिन्छ संस्थागत विधालयका शिक्षकहरुको तालिमको व्यवस्था संस्थागत विधालका शिक्षकहरुको तालिमको ब्यवस्था संस्थागत विधालयका शिक्षकहरुको कार्यप्रतिको धारणा संस्थागत विद्यालका शिक्षकहरुको पेशागत अवस्था जस्ता विविध पक्षहरुमा थप अनुसन्धान गर्न सहयोग पुग्न अनुसन्धान गर्दा एउटा विद्यालयमा मात्र सिमित नरही सामुदायिक, संस्थागत र समुदाय ब्यवस्थापनमा हस्तारण्तरण गरिएका विधालयहरुको पनि प्रतिनिधित्व गरिनुपर्छ । यस्ता क्षेत्रलाई समेटी अनुसन्धान गरिमा अनुसन्धान सार्थक वन्न जान्छ ।

# सन्दर्भ सामग्री


अधिकारी , विष्णु प्रसाद ( २०६६) , शेक्षिक निरीक्षण र नेपालको शेक्षिक प्रणाली , काठमाण्डौ आशिष पुस्तक भण्डार ।

अधिकारी , विष्णु प्रसाद ( २०५८ ) , प्राथमिक शिक्षा दिग्दर्शन , काठमाण्डौं : आशिष पुस्तक भण्डार ।

कोइरला , विधानाथ र श्रेष्ठ चन्द्र बहादरर (२०५६) शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार , काठमाण्डौ :बिद्यार्थी पुस्तक भण्डार ।

खनाल पशल ( २०६८) शैक्षिक अनुसनधान पद्धति कीर्तिपुर : स्टुडेन्टस बुक्स पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स ।

पराजुली उतमकुमार ( २०६६ ) , शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार , काडमाणडौं : विद्यार्थी पुस्तक भण्डार ।

थापा , तारा बहादुर ( २०६३ ) शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार , काठमाण्डौं : प्रशान्ति प्रकाशन ।

माथेमा , सुशिल भक्त र भट्टराई मनोज (२०६६) संगठनात्मक व्यवहार , काठमाण्डौं धौलागिरी बुक्स एण्ड स्टेशनरी ।

पौडेल , महेन्द्र (२०६०) काठमाण्डौं जिल्लाको सामुदायिक र संस्थागत माध्यमिक विद्यालयको शिक्षण सिकाइमा विद्यालय व्यवस्थापन समीतिको भुमिका, अप्रकाशित शोधपत्र , शैक्षिक वयवस्थापन केनद्र , काठमाण्डौं , त्रि.वि.वि. ।

## अनुसुची – १

शिक्षकको नाम :

लिङ्ग शिक्षणको तह :

शैक्षिक अनुभव विद्यालयको नाम :

वैवाहिक स्थिति योग्यता :

१ शिक्षण पेशामा आउनु अघि के गर्नु हुन्थ्यो ?

२. तपाई यो पेशा प्रति के कुराले आकर्षित हुनु भयो ?

३. तपाइको घरबाट विद्यालय पुग्न कति सम्य लाग्छ ?

४. तपाईको यस पेशामा आउनु अघि शैक्षिक योग्यता कति थियो ?

५. तपाईको शैक्षिक योग्यता कति छ ?

६. हप्तामा कति पिरियड पढाउनु हुन्छ ?

७. तपाई कुन विषय पढाउनु हुन्छ ?

८. तपाई मासिक तलवबाट खुशी हुनुहुन्छ ?

९. तपाइले समयमै आफ्नो पाउनु  समयमै आफ्नो तलव पाउनु भएको छ ?

१० तपाईको विद्यालयले शिक्षक छनौटको आधारहरु राखिएको छ ?

११. यदि छ भने कुन कुन आधार छन् ?

१२. तपाई शिक्षण सेवा अवधि स्थायि वा अस्थायी हो ?

१३. तपाई शिक्षण पेशाबाट कति कन्तुष्ट हुनुहुनछ ?

१४. तपाई शिक्षण पेशाबट असनतुष्ट हुनुका कारहरु के के हुन् ?

१५. तपाई प्रति विद्यालयको प्रधानाध्यापकले गर्नुभएको व्यवहार कस्तो लाग्छ ?

१६. विद्यालयमा काम गर्ने वातावरण कस्तो छ ?

१७. यदि तपाईको पेशासरहको परिश्रमिक पाउने अन्य कुनै पेशामा काम गर्ने अवसर पाउनुभएमा के गर्नु हुन्छ ?

१८. तपाई शिक्षण पेशा अपनाउदा विद्यालय व्यवस्थापन समितिका पदाधिकारी , प्र.अ.. , अनय शिक्षकहरु र विद्यार्थीहरुवाट तपाई प्रति के कस्ता व्यवहार गरेको पाउनु भएको छ ?

१९. तपाइले विद्यालय शिक्षकहरुलाई पुरस्कार गर्छ ?

२०   अदि गर्छन भने कुन आधारमा गर्छन ?

२१ तपाईलाई विद्यालय प्रशासनले पेशागत क्षमता अभिवृद्धि हुने कुनै अवसर प्रदान गरेको छ ?

२२. विद्यालयमा हुने गरेका विभिन्न प्रकारका निर्णय कार्यमा तपाइलाई सहभागि गराइन्छ ?

२३. तपाइको मासिक आम्दानीका तपाइका आधारभुत आवश्यकता पूरा हुन्छ त ?

२४. विद्यालय प्रशासनले शिक्षक बढुवाका आधार राखेका छ ?

२५ यदि राखेको छ भने ती आधारहरु के के हुन् त ?

२६. तपाईले यस विद्यालयबाट कस्ता किसिमका सुविधाहरु पाउनु भएको छ ?

२७. तपाईले विद्यालयवाट के कस्ता विदाको सुविधा पाउनु भएको छ ?

२८ तपाईलाई विद्यालयले आफ्नो ब्यक्तित्व विकासका लागि के कस्ता अवसरहरु उपलब्ध गराएको छ ?

२९. तपाइले शिक्षण पेशा अपनाउँदा के कस्ता परिवारिक , सामाजिक र लैङ्गिक चुनैातिहरु आइपरेका छन् ?

३० तपाई शिक्षण पेशा प्रभावकारी बनाउन के कस्ता उपायहरु हुन सक्दछन् ? केहि सुझावहरु भए दिन सक्नु हुन्छ ?

अनुसुचि–२

## शिक्षकको लागि अन्तरर्वार्ता सूचि

शिक्षकको नाम :

विद्यालयको नाम : लिङ्ग :

शिक्षण गर्ने तह : शैक्षिक योग्यता :

१. नीजी विद्यालयको शिक्षकको पेशागत सन्तुष्टि पेशागत सन्तुष्टि पता लगाउन निर्माण गरिएको प्रश्नसूची :

क तपाई आफ्नो पेशाप्रति सन्तुष्ट हुनुहुन्छ ? कसरी र किन ?

ख तपाईको यस पेशाप्रतिको धारणा कस्तो रहेको छ ?

ग तपाईले आफ्नो पेशाप्रति विद्यालय व्यवस्थापन समितिका पदाधिकारी , प्र.अ. अनय शिक्षकहरु र विद्यार्थीहरुबाट तपाई प्रति के कस्ता व्यवहार गरेको पाउनु भएको छ ?

घ तपाई आफनो मासिक आम्दानीबाट सन्तुष्ट हुनुहुन्छ ?

ङ तपाईले यस विद्यालयमा शिक्षकहरु प्रति के कस्ता व्यवहार गरेको पाउनु भएको छ ?

च विद्यालयको कुन पक्षमा सुधार गर्न आवश्यक छ ?

छ शिक्षण पेशामा देख्नुभएको मुख्य समस्या के हो ?

२. सुझाव सम्बन्धि प्रश्नसची

क शिक्षण कार्य प्रभावकारी बनाउन के कस्ता उपायहरु दिनु हुन्छ ?

अनुसुचि–३

# अवलोकन फारम –रुजूसूची

| क.स. | अवलालेकन पक्ष | उत्तम | माध्यम | निम्न | अतिकमजोर |
|---|---|---|---|---|---|
| १. भोतिक सुविधाहरु | स्टाफ कोठा | | | | |
| | कक्षा कोठा | | | | |
| | प्रवेश द्वार | | | | |
| | खेलमैदान | | | | |
| | पिउने पानी | | | | |
| | क्यान्टिन | | | | |
| | पूस्तकालय | | | | |
| | कम्प्युटर कक्ष | | | | |
| | | राम्रो | ठिकै | नराम्रो | – |
| २.शिक्षकको व्यक्तित्व | कक्षाकोठाको व्यवहार | | | | |
| | शिक्षण कियाकलाप | | | | |
| | | राख्न पाउने | नपाउने | | |
| | आफ्नो निर्णय | | | | |
| ३.विद्यालयका कियाकलाप | | संचालन हुने | संचालन नहुने | | |
| | शिक्षक तालिम | | | | |
| | | संचालन हुने | संचालन नहुने | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | अतिरिक्त क्रियाकलाप | | | | |
| | शिक्षक वैठक | | | | |
| | वि.व्य.स.को वैठक | | | | |
| | | गराइने | गराइने | | |
| | विद्यार्थीको सहभागिता | | | | |
| | | लागु भएको | नभएको | | |
| | अनुशासन सम्बन्धि नीतिनियम | | | | |

**समाप्त**